# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## क्रान्तिकारी माओवादी कास्की जिल्लाको अधिवेशन सम्पन्न

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) कास्कीको जिल्ला भेला सम्पन्न भएको छ। पार्टी महासचिव किरणले उद्घाटन गर्नुभएको अधिवेशनले परेशको नेतृत्वमा १७ पूर्ण र वैकल्पिक ४ गरी २१ जनाको नयाँ कार्यसमिति निर्वाचित गरेको छ । अधिवेशनको उद्घाटन सत्रलाई प्रमुख अतिथि समेत रहनु भएका महासचिव किरण, पार्टी स्थायी समिति सदस्य प्रितमलगायत नेताहरूले शुभकामना दिनुभएको थियो भने




नव निर्वाचित समितिलाई पार्टी पिविएमद्वय श्याम र किशोरले बधाई दिनुभएको थियो ।


वर्ष २ अङ्क ४९ पूर्णाङ्क ९८ | २०७५ जेठ २८ गते सोमबार | Monday, June 11, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


### आठ विद्यार्थी संगठनको अन्तर्क्रिया

# ‘क्रान्तिकारी आन्दोलन उठानमा जोड’

● वर्गदृष्टि संवाददाता

काठमाडौं । शिक्षा क्षेत्रमा भएको निजीकरण, व्यापारीकरण, माफियाकरणका विरुद्ध र पछिल्लो पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि र महंगीका विरोधमा सडकमा उत्रिएर विरोध प्रदर्शन गर्दै आएका आठ विद्यार्थी संगठनले आइतबार एक वृहत् अन्तर्क्रिया सम्पन्न गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी), नेकपा (विप्लव) निकट अखिल क्रान्तिकारी, नयाँ शक्ति विद्यार्थी युनियन, राजपा विद्यार्थी संगठन, अनेरास्ववियू पाँचौ, संघीय समाजवादी विद्यार्थी फोरम, राष्ट्रवादी विद्यार्थी संघ, गोपाल किराती निकट अखिल क्रान्तिकारीले संयुक्त रूपमा ‘विद्यार्थी आन्दोलन र अबको बाटो’ विषयक एक दिवसीय अन्तर्क्रियामा वक्ताहरूले क्रान्तिकारी विद्यार्थी आन्दोलनको उठानमा जोड दिएका छन् । कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले निजीकरण, व्यापारीकरण र माफियाकरण गरिएको शिक्षा नीतिलाई खारेज गरिनु पर्ने विचार राख्नु भयो ।




एमाले र माकेका अधिकांश नेताहरूको शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी रहेकोले उनीहरूले निजीकरण, व्यापारीकरण र माफियाकरणलाई बढवा दिइरहेको चर्चा गर्दै अध्यक्ष गजुरेलले बलपूर्वक यस्तो नीतिको खारेज गराउने दिशामा विद्यार्थी आन्दोलनको विकास गरिनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, “शिक्षामा भएको निजीकरण, व्यापारीकरण, माफियाकरण-मूर्दावाद, यो शिक्षा नीतिलाई खारेज गर्नु पर्छ पर्छ ।”

ओली सरकारले भनेको समाजवाद पुँजीवादसम्म पनि नभएर विकृत पुँजीवाद भएको सरकारको सयदिन, नीति तथा कार्यक्रम र बजेटसम्म आइपुग्दा प्रष्ट भएको दावी गर्दै उहाँले भन्नुभयो, “अमेरिका, बेलायत जस्तो देशमा पनि शिक्षा र स्वास्थ्यमा निजीकरण हुँदैन र छैन, यहाँ शिक्षा र स्वास्थ्य जस्तो क्षेत्रमा समेत निजीकरण, व्यापारीकरण र माफियाकरणलाई बढवा दिनु भनेको विकृत पुँजीवाद हो । विकृत पुँजीवादबाट देशमा विकास समृद्धि कहिल्यै ल्याउन सकिन्न । यो सरकार मुलुकमा समृद्धी ल्याउने होइन, सिक्किमीकरण गर्ने दिशातिर गइरहेको छ । तसर्थ, व्यवस्था परिवर्तनकै लागि विद्यार्थीहरूले आन्दोलन गर्नुपर्छ ।” उहाँले भन्नुभयो, “नेपालमा आन्दोलन क्रान्ति चाँडै हुन्छ, क्रान्तिमा अग्रणी भूमिका खेल्ने र क्रान्तिको दन्काउने भनेको विद्यार्थी शक्ति नै हो । त्यसैदिशातिर अबको विद्यार्थी आन्दोलन अगाडि बढ्नु पर्छ र आफ्नो गौरवशाली र क्रान्तिकारी इतिहासको कडीलाई जोडेर लैजानु पर्दछ ।”

आइतबार आयोजित उक्त अन्तर्क्रियामा आफ्ना धारणा प्रस्तुत गर्दै पूर्व प्रधानमन्त्री समेत रहनु भएका नयाँ शक्ति पार्टीका संयोजक डा. बाबुराम ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीको

### ललितपुरको सेक्रेटरीमा दीपक निर्वाचित

ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरको आठौं जिल्ला अधिवेशन सम्पन्न भएको छ । अधिवेशनले दीपकको नेतृत्वमा १९ पूर्ण र ५ वैकल्पिक गरी २४ ...बाँकी ७ पेजमा

### दाङको अधिवेशन सम्पन्न

दाङ/ जेष्ठ २६ गते शनिबारका दिन नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)को दाङ जिल्लाको आठौं अधिवेशन सम्पन्न भएको छ ।

घोराही उपमहानगर-३, वेलुवा स्थित सहिदपार्कको सभाभवनमा सम्पन्न भएको आठौं अधिवेशनको पार्टीका पोलिट व्युरो सदस्य तथा ५ नं. प्रदेशका का.वा. ...बाँकी ७ पेजमा

### नुवाकोटको भेला सम्पन्न

नुवाकोट । नेकपा (क्रान्तिकारी माओवादी) नुवाकोटको भेला शनिबार सम्पन्न भएको छ । पार्टी स्थायी समिति सदस्य राजबीरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको भेलाले सरोजको नेतृत्वमा ११ सदस्यीय जिल्ला संगठन समिति निर्माण गरेको छ । भेलाले पाँच सदस्यीय सल्लाहकार समिति समेत निर्माण गरेको छ । पार्टी केस समेत रहनुभएका सरोजले अध्यक्षता गरेको भेलाको सञ्चालन रत्न अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा स्वातग मन्तव्य आर लामिछानेले राख्नुभएको थियो ।

### सिन्धुपाल्चोकको भेला सम्पन्न

सिन्धुपाल्चोक । नेकपा (क्रान्तिकारी माओवादी) सिन्धुपाल्चोकको दोस्रो जिल्ला सम्पन्न भएको छ । पार्टी पिविएम प्रभाकिरणको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले पिस्करको नेतृत्वमा १५ सदस्यीय नयाँ जिल्ला कमिटीको निर्माण गरिएको छ ।

## मूल्यवृद्धि र महँगीका विरुद्ध तीन वाम सडकमा उत्रने



काठमाडौं । मोहन वैद्य‘ किरण’ नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), नेत्र विक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र ऋषि कट्टेलले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले संयुक्त रूपमा ओली सरकारले गरेको पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि र महँगीका...बाँकी ८ पेजमा

## सेती बन्नेभो प्रचारको खेती

काठमाडौं । पश्चिम सेतीको जलविद्युत आयोजना चिनियाँ कम्पनी थ्रिगर्जेजलाई दिइएको भए तापनि उक्त कम्पनीले सेतीको जलविद्युत निर्माणमा त्यति चासो दिएको छैन ।


पछिल्लो चरणमा एक त पूर्व सर्भेअनुसार सामाग्री महङगिएका छन्, अर्को पहिलेको सर्भे पनि त्यति फिजिबल नभएको भनी पस्चिम सेतीमा सम्झौता अनुसार थ्रीगर्जेजले गर्न नसक्ने बताएको छ ।

तर कर्मचारीहरू तथा नेपाली पक्षभने यो सहमति क्यान्सिल नभइसकेको बताइरहेका छन् । सहमतिअनुसार काम अघि नबढाएपछि सरकारी पक्षबाट सोधपुछ र थप कुराकानी पनि भएको बताइएको छ । कुराकानीका क्रममा गर्जेजले यदि सहमति कार्यान्वयन गर्ने हो भने आफ्ना थप माग पूरा गर्नुपर्ने भनाइ राखेको बताइएको छ ।

गर्जेजका अनुसार पहिलेको सर्भे र अनुसन्धान फिजिबल पनि रहेको छैन । सम्झौतामा गरिएको बजेटले सर्भेलाई फिजिबल बनाउन सक्दैन ।

यस आर्थिक वर्षमा प्रस्तुत बजेटमा अर्थमन्त्रीले पश्चिम सेती नेपाली लगानीमा गर्ने भनी उल्लेख गरेका छन् ।

## ‘प्रचण्डले हप्काएपछि गृहमन्त्री बादलले ठूला माछाको कुरा गर्नै छाडे’



ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल गौरवले सुनकाण्ड र ठेकेदार काण्डका नाइकेहरूमाथिको अनुसन्धान र कारबाही प्रक्रिया ओझेलमा पर्दै गएको प्रसंग उल्लेख गर्दै प्रचण्डले हप्काएपछि गृहमन्त्री रामबहादुर थापा बादलले ठूला माछाको कुरा गर्नै छाडिसकेको टिप्पणी गर्नुभयो । संस्थागत रूपमा बढ्दो भ्रष्टाचार, सुन तस्करी, माफिया, महंगी, बेरोजगारी, ठेकेदारी प्रथाको अन्त्य ओली नेतृत्वको ...बाँकी ८ पेजमा

## बर्दियाको सीमा क्षेत्रमा अतिक्रमणको विरोधमा क्रान्तिकारी माओवादीको प्रदर्शन

बर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाले जिल्लाभरि सीमाक्षेत्रको अनुगमन, निरीक्षण तथा नेपाली भूमि अतिक्रमण विरूद्ध सीमा क्षेत्रमा विरोध प्रदर्शन सम्पन्न गरेको छ ।

क्रान्तिकारी माओवादी बर्दिया जिल्ला समितिको यस अघिको बैठकले सीमाक्षेत्रका समस्या, जनतासँगको सम्बन्ध तथा भारतीय विस्तारवादी नीतिले नेपाली राष्ट्रियतामाथि पारेको गम्भीर समस्याको स्थितिलाई स्थलगत अनुगमन तथा निरीक्षण गर्ने निर्णय गरेनुसार विरोध प्रदर्शन गरेको हो ।

क्रान्तिकारी माओवादी बर्दियाले खुल्ला सीमा नाकाका कारण प्रभावित क्षेत्रको निरीक्षण, भारतीय पक्षले सीमाक्षेत्रमा फैलाएको आतंक र त्यसबाट उत्पन्न समस्याहरूको अनुगमनको कार्यक्रम गत विहिबारदेखि शुरू गरेको थियो ।

क्रान्तिकारी माओवादी बर्दियाले नारा जुलुससहित बढैयाताल गाउपालिका अन्तर्गत सीमाक्षेत्रको पिलर नम्बर ४१ मा शनिबार कोणसभा गरेको छ ।

उक्त विरोध कार्यक्रममा स्थानीय नागरिक, राष्ट्रवादी नागरिकसहित सयौं नेता, कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

सीमा अतिक्रमणको उक्त विरोध कार्यक्रमलाई नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य तथा बाँके बर्दिया ईन्चार्ज सङ्कुल, बर्दिया सेक्रेटरी लोकेश लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

सीमा अतिक्रमणको विरोध कार्यक्रम गरेको नेपालको प्रहरी प्रशासनले सुइको समेत नपाए पनि कार्यक्रम सकेर नारा जुलुससहित फर्किने क्रममा भने हस्तक्षेपको प्रयास गरेको बर्दिया सेक्रेटरी लोकेशले जानकारी दिनुभयो ।

प्रहरीले आन्तरिक प्रशासनको अनुमति नलिई सीमाक्षेत्रमा नाराबाजी गरेको भन्दै केरकार ...बाँकी ७ पेजमा

## सीमा अवलोकन, निरीक्षण र जनजागरण

**क. अटल**

ने.क.पा. (क्रान्तिकारी माओवादी) को पोलिट ब्युरोको बैठक २०७४ चैत्र १२ र १३ गते बसी विभिन्न निर्णय लिने क्रममा भारतीय विस्तारवादद्वारा सीमा अतिक्रमण गरिएको ठाउँको निरीक्षण र अनुगमन गर्ने एउटा मुख्य निर्णय लिइएको थियो । संयुक्त मोर्चाको पहलमा युवा तथा विद्यार्थी लगायतका सङ्गठनहरू परिचालन गर्ने भन्ने पनि थियो । काठमाडौंमा बैठक सम्पन्न हुनासाथ चैत्र १५ गते दार्चुलामा नेपाल सरकारसँग अनुमति नलिई भारतले एकतर्फी रूपमा महाकालीमा बनाएका ५ वटा काठेपुल दार्चुलाका व्यास गाउँपालिका वार्ड नं.-२ दाम्लिङ्गका जनताले महाकालीमा बगाइ दिएका खबर कान्तिपुर पत्रिकाको भित्री पेजमा छापिएको रहेछ । उक्त समाचार महासचिव क. मोहन वैद्य लगायत हामीले काठमाडौंमै पढ्यौं । काठमाडौंमा दाम्लिङ्गका जनताको देहभक्तिपनको निकै प्रशंसा र स्यावासी आइरहेको र दाम्लिङ्गका जनतालाई हाम्रो पार्टीले पनि प्रशंसा, अभिनन्दन र रेड स्यालुट दिनु पर्छ भनेर चर्चा चल्यो । हामी बैठक सकेर आफ्नो कार्यक्षेत्रमा आउनु भन्दा अगाडि नै संयुक्त मोर्चाको तत्वावधानमा ७ नं. प्रदेशका विद्यार्थी र युवाहरूद्वारा



चैत्र २१ गते कैलालीको टिकापुर -९ खक्रौलाबाट अभियानको उद्घाटन भयो । यद्यपि हाम्रो पार्टीको अभियान सङ्गठन विस्तार, सुदृढीकरण तथा जन परिचालन गरौं ! जनतन्त्र र जनजीविकाको लागि सङ्घर्षमा लागौं ! नयाँ जनवादी क्रान्तिको तयारीमा जुटौं !! भन्ने मूल नाराका साथ चैत्र मसान्तसम्म अभियान चलिरहेकै थियो । पोलिट ब्युरोको बैठकले वैशाख र जेष्ठ महिना थप अभियान सञ्चालन गर्ने निर्णय लियो । यही अभियान भित्रै उप-अभियान पनि सञ्चालन गर्ने निर्णय लिइयो । अहिलेको परिप्रेक्ष्यमा राष्ट्रियताको पक्षमा आवाज उठाउने शक्ति कमजोर रहेको ! राष्ट्रियताको नाममा भोट माग्ने र प्रतिक्रियावादी सत्ता र सरकारमा गएपछि विस्तारवादको चाकडी र दलाली गर्ने माके र एमालेले बोल्ने कुरै भएन ! नेपाली काङ्ग्रेसले त राष्ट्रियताको पक्षमा बोल्छ भन्ने कसैलाई विश्वासै छैन ! यस्तो बेलामा राज्य सत्तामा रहेका राष्ट्रवादी र देशभक्त नागरिक जनता र पार्टीहरूभित्र रहेका दुईवटा धारा दलाल र देशभक्त धारामध्ये जुनसुकै क्षेत्रका भएपनि राष्ट्रवादी र देशभक्तहरूको धाराबाट आर्थिक, भौतिक, नैतिक, सांस्कृतिक, जिन्सी लगायतका सहयोग लिदै ७ वटै प्रदेशले आ-आफ्नो सापेक्षतामा अभियान सञ्चालन गर्ने निर्णयको मूल मर्मअनुसार कामलाई अगाडि बढाइयो ।

चैत्र २१ गते कैलाली खक्रौलामा बनेको पुल भन्दा दक्षिणपट्टी नेपालीहरूले हकभोग गर्दै आएको २५० विघा जमीन खोलाले धार ...बाँकी ८ पेजमा

## सम्पादकीय

# दाहाल र द्वन्द्वका घाइते वार्ता

दश वर्षसम्म चलेको जनयुद्धका क्रममा भएका घाइतेहरूले नेकपाका अध्यक्ष पुष्पकमल दाहाललाई पेरिसडाँडा कार्यालयमा भेटे । यसपटक पनि भेट गरेर आफ्ना पीडादायी जीवनका कुटुराहरू फुकाए । दाहाल तात्कालिन युद्धका सुप्रिम कमाण्डर, शक्तिशाली पार्टी अध्यक्ष र क्रान्तिकारी नेता पनि ।

उपस्थित घाइतेहरूले शीरदेखि पैतला र पैतलादेखि शीरसम्म आफ्ना पूर्व सुप्रिमोलाई हेरे । अध्यक्ष दाहालले आफूलाई निकै अप्ठेरो महशुस गरिरहे । भन्ने के, विश्वस्त पार्ने केले, 'वारभेटेरान' का कुरा पनि सबै सकिए, राहतका कुरा पनि सिद्धिए । युद्धै सिद्धियो, पार्टी सिद्धियो, आफै सिद्धिए, अर्काको पार्टीमा शरण लिन जानु पर्‍यो ।

अर्काको विचार मेरो भन्नुपर्ने, अर्काको थातथलोमा काम गरिदिनु पर्ने । भन्ने हो भने दाहालको जीवन ती घाइतेहरूको भन्दा कम घाइते छ र ? 'आफै त महादेव उत्तानो पर, कसलाई दिने बर !' तर महादेव भनेका देवताका पनि देवता ! घाइतेहरूले मान्न आए, माग्न पनि आए ।

यी त भए,विचार र भावनासँग जोडिएका कुराहरू । यी कुराहरू खोइलिइसके । उनी दिन गए, यिनी दिन आए ... । घाइतेहरूले उनीसँग विचार र भावना पनि मागेनन् । नौ डाँडा काटेर गएका पूर्व प्रेमी, पूर्व अध्यक्ष र पूर्व नेता र पूर्व सुप्रिम कामण्डर !

खोई उनले त यी कुरा सोच्छन् या सोच्दैनन् ? घाइतेले यस्तै सोचे । हेर्दाहेर्दा त क्षणभरमै बिरानो ! शीरमाथि भित्तामा मदन भण्डारीको फोटो, चुनाव चिन्ह सूर्य र पार्टीको निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद, टक्क सरकारी मान्छे !

घाइतेहरू लजाए । भनौ कि नभनौ ? कुरा माओवादीका निकाल्नुपर्ने अधिल्तिर बसेको आफ्नै भनेको नेता मान्छे एमाले ! कस्तो क्रमभङ्ग ? घाइतेले आफ्नै पछाडि छामे, आफ्नो त करङभङ्ग भएको छ । महाविपत्तिको बेलामा हानेको छलाङ !

आइहालियो क्या रे ! उनीहरूले पूर्ववत् शैलीमा वाक् फुटाए- 'अध्यक्षज्यू ! नयाँ पार्टीले के गर्छ ? हामीले जीवन कसरी निर्वाह गर्ने ?' अध्यक्ष भावुक भए । घाइतेले भनेका कुराले दिल छोएर हो वा अब उनीहरूसँगको वारम्वार कचकचले सम्बन्ध विच्छेदको डिल छोएर हो, यही हो भन्ने थाह भएन । किन हो किन घाइतेहरूको मुखबाट पनि 'अध्यक्ष कमरेड'को ठाउँमा 'अध्यक्षज्यू' फुस्किएर आयो ।

यस अघिका भेटमा निकै आक्रोशित हुने ती घाइतेहरू अहिले निकै सालिन र मृदु भाषामा प्रस्तुत भए । बोल्नु पनि कति ? आफ्नै मुख दुख्ने । आफै बाइलो हुने । तर पनि केही भौतिक राहत पाए अलिकति सास त आउँथ्यो ? उनीहरूले केही चर्को बोलेको भनेको 'पार्टीले हामीहरूलाई युद्धका लागि उपयोग गर्‍यो, अहिले छाडिदियो' यत्ति हो ।

अध्यक्षज्यु भावुक भए । उनले ललितपुरको सातदोबाटोको खुमलटारमा बल्लतल्ल छोरीका लागि जाबो केही करोडको तीन तल्ले घर बनाएर दिएको सम्झे । त्यो पनि साइत हेरेर, यत्तिका वर्षपछि । स्विमिङ पुल त बनाउन बाँकी नै छ । के गरी हो बनाउने ? झन् यी घाइतेका के कुरा ! उनी कस्सो हिक्का छाडेर रोएनन् । तर पनि आफूलाई थाम्दै थरथराएको स्वरमा उनले आश्वासन दिए- 'तपाईहरूका लागि गरिन्छ, सोचिन्छ, त्यसै अलपत्र किन पर्न दिइएला ?'

घाइतेहरू उठे भारी मन लिएर । अध्यक्षज्युको फोनमा घण्टी बज्यो- 'स्विमिङ पुलको सामान आइसक्यो नि, बुवा !'

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# सीमा विवादको नालीबेली



बुद्धिनारायण श्रेष्ठ

**पृष्ठभूमि**

तत्कालीन भारतमा शासन गरिरहेका ब्रिटिश इन्डिया कम्पनी सरकारको पालादेखि नै नेपालसँग सीमा विवाद रहिआएको छ । सन् १८१४ देखि सन् १८१६ सम्म नेपाल र ब्रिटिश इन्डियाबीच दुई वर्षसम्म लगातार युद्ध भयो । यो युद्धको मूल कारण पनि सीमाना नै थियो । ब्रिटिश इन्डिया सरकारले तत्कालिन नेपालका ३२ जिल्ला मध्येका चार जिल्लाहरू खजनी, स्युराज, पाल्ही र माझखण्डको जमिन भारतका नबावहरूको भएकाले ती नबावको राज्य ब्रिटिश इन्डियामा आइसकेपछि ती चारवटा जिल्ला पनि स्वतः ब्रिटिश इन्डियामा गाभिने भएकाले ती जिल्लाहरू नेपालका होइनन् भन्ने दाबी गरे । तर नेपालले पहाड तराईको विसाल भूभागमा पाल्पाली सेन बंशी राजाहरूले राज्य गरेकाले पाल्पाका राजाहरू विशाल नेपालमा समावेश भइसकेका हुनाले यो स्वतः नेपालको हुन आउँछ भनी प्रतिवाद गरे । सीमाको यो विवाद बढ्दै गएपछि अङ्ग्रेजले नेपालमाथि धावा बोल्ने योजना बनायो ।

योजना अनुरूप १ नोभेम्बर १८१४ का दिन ब्रिटिश इन्डियाले दावा गरिएको भूमि नछाडे हमाला गरिन्छ भनी नेपाललाई चिठ्ठी पठायो । नेपालले भूमि नछाडेपछि लगातार दुई वर्षसम्म एङ्लो-गोर्खा लडाइँ भयो । दुई वर्षको लडाइँपछि ब्रिटिश-इन्डियाले नेपाललाई सन्धि गरौं भनी २ डिसेम्बर १८१५ मा शान्तिमैत्रीको प्रस्ताव पठायो । सो प्रस्तावमा १५ दिन भित्र यो सन्धिमा हस्ताक्षर गरी पठाउन भनिएको थियो । प्रस्तावित त्यो सन्धिमा नेपालले आफ्नो एकतिहाई भूमि छोड्नुपर्ने कुरा पनि लेखिएको थियो । एक तिहाई भूभाग गुम्ने भएपछि काठमाडौंमा भाइभारदारहरू बसेर छलफल गरे । १५ दिनभित्र गर्न भनिएको हस्ताक्षर नेपालका तर्फबाट गरिएन ।

नेपालका तर्फबाट हस्ताक्षर नभए पछि काठमाडौं माथि नै हमला गर्ने भनी ब्रिटिश इन्डियाले तयारी गर्न थाल्यो । त्यसपछि चलेको थप लडाइँपछि नेपालको तर्फबाट प्रतिनिधिका रूपमा चन्द्रशेखर उपाध्यायलाई सन्धि गर्न पठाइयो । ४ मार्च १८१६ का दिन हालको हेडौंडा उपमहानगरपालिका वडा नं. १७ मा पर्ने सुगौली भन्ने ठाउँमा उक्त सन्धिमा हस्ताक्षर गरियो । नेपालको एक तिहाई भूभाग गुम्यो । यो एक तिहाई भूभाग भनेको पूर्वमा टिस्टादेखि मेचीहुँदै पश्चिममा महाकालीदेखि किल्ला कांगडासम्मको भूभाग हो । नेपालको हाल तराईमा रहेको भूभाग एक टुक्रा पनि रहेन । उक्त सन्धि भएको ७ महिनापछि अर्को सन्धि भएर पूर्व मेचीदेखि राप्तिसम्मको तराइको भूभाग नेपालले फिर्ता पायो । सुगौली सन्धि भएको ४४ वर्षपछि मात्र नयाँ मुलुक भनिने बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता गरियो । त्यस बेलादेखि नेपालको वर्तमान सीमा कायम रहिआएको छ ।

तर पनि वर्तमान अवस्थामा त्यो सीमा विवाद कायमै रहेको छ । भारतले लगातार अतिक्रमण गरिरहेको छ । हाम्रो अध्ययनमा नेपाल र भारतको सीमाना १ हजार ८ सय ८० किलोमिटर लामो छ । नेपालका ७७ जिल्लामध्ये २७ वटा जिल्ला भारतसँग प्रत्यक्ष सीमा जोडिएका छन् । ती २७ मध्ये २४ वटा जिल्लामा गम्भीर प्रकृतिका सीमा विवादहरू छन् । गम्भीर सीमा विवाद भएका ७१ वटा ठाउँहरू छन् । यी ७१ ठाउँहरूमा ६० हजार ६ सय हेक्टर जमीन भारतले मिचेको छ । यीमध्ये सबभन्दा ठुलो अतिक्रमित भाग हो- दार्चुला जिल्लाको ब्यास गाउँपालिकाको वडा नं. १ मा रहेको लिपु लेक, कालापानी र लिम्पियाधुराको सिङ्गो क्षेत्र, जहाँ ३७ हजार हेक्टर जमीन भारतले अतिक्रमण गरेको छ ।

> **सीमा सुरक्षाका लागि एक मात्र भरपर्दो शक्ति भनेको स्थानीय जनता नै हुन् । स्थानीय जनता उठी बसे भने सीमा मिचिदैन र सीमाको रक्षा हुन्छ । तर यो कुरालाई प्रधानमन्त्री, मन्त्री, उच्च सुरक्षा निकायले बोध गर्नु पर्दछ**

दोस्रो ठूलो अतिक्रमित भूभाग भनेको नवलपरासी जिल्लाको सुस्ता क्षेत्र हो । जहाँको साढे १४ हजार हेक्टर जमीन भारतले मिचेको छ । बाँकी रहेको ९ हजार हेक्टर जमीनमा रहेको विवादहरूमा ६९ ठाउँहरू रहेको छन् । जसमा मुख्यतः ठोरी, सन्दकपुर, प्यारानाला, भादानाला रहेका छन् ।

**सरकारले चालेका कदमहरू**

तात्कालीन सरकारले सन् १९८१ मा 'नेपाल-भारत स्तरीय प्राविधिक सीमा समिति' बनायो । त्यसले लगातार २६ वर्षसम्म काम गर्‍यो । २६ वर्षसम्म १ हजार ८ सय ८० किलोमिटर लामो सीमा रेखामा नक्साङ्कन गरियो । ८ हजार ५ सय ५३ थान सीमा स्तम्भ आवश्यक पर्ने बताइयो । तर जमीनमा ४ हजार २ सय सीमा स्तम्भ मात्र गाडिए । यो अनुमान गरिएको सीमा स्तम्भको सङ्ख्याभन्दा आधा जतिमात्रै थिए । यीमध्ये २ सय २० वटा खम्बा भारतीय पक्षबाट उखेलिएर नष्ट गरिएको छ । १ सय ६० वटा खम्बाहरू खोलाले बगाएको छ । यसले विवादलाई झन् गहिरो बनाएको छ । अहिले त दशगजा क्षेत्रहरू पनि कहाँ हो थाह नहुने अवस्था छ । यसलाई अङ्ग्रेजीमा 'नो म्यान्स लाण्ड' भनिन्छ । यो भनेको जङगबहादुरको पालामा गाडिएका जङ्गे सीमा स्तम्भबाट दशगज भारततिर र दशगज नेपाल तिरको भूभाग पूर्वदेखि पश्चिमसम्म पर्दछ । १८ सय ८० किलोमिटर लामो भारत-नेपाल सीमा क्षेत्रमा दुबैतर्फ १०/१० गज चौडा सफा भाग रहनु पर्दछ । यो भाग जङ्गे सीमा स्तम्भको दायाँबायाँ रहनु पर्दछ । तर अहिले यो दशगजा क्षेत्र पूरै मिचिएको छ । पिल्लरहरू उखेलेर मटियामेट पारिएको छ । त्यहाँ अहिले भारतको तर्फबाट घर, गोठ बनाएर खेती गरिराखेका छन् ।

**प्रधानमन्त्री स्तरीय भ्रमण र सीमा विवादका कुरा**

माथि भनिएका कारणहरूले गर्दा सीमा अस्पष्ट छ र विवादित पनि । कतिपय ठाउँमा त सीमा कायम भएकै छैन । २०७१ साल श्रावन १९ देखि २१ गते भारतका प्रधानमन्त्री मोदीको नेपाल भ्रमण हुँदा दुबै देशका प्रधानमन्त्रीले 'बोर्डर वर्किङ ग्रुप' बनाएर सीमासम्बन्धी काम अघि बढाइएको थियो । यसमा दुबै देशका नापी विभागका महानिर्देशकहरूको संयोजकत्वमा बनेको थियो । त्यसपछि दुबै देशका प्रधानमन्त्रीले परराष्ट्र मन्त्रालयमा संयुक्त निर्देशन दिएका थिए । दुबै देशका परराष्ट्र मन्त्रालयका सचिवहरूले कालापानी र सुस्ता जस्तो विवादित क्षेत्रको संयुक्त अध्ययन गर्ने र अध्ययन गर्दा तल्लो तहबाट प्राविधिक टिमहरूको पनि सहयोग लिएर प्रतिवेदन तयार गरी आआफ्नो सरकारलाई बुझाउने भनिएको थियो । यो काममा सिन्कोसम्म पनि भाँचिएको छैन ।

प्रधानमन्त्री, मन्त्री तथा उच्च तहबाट निर्देशन त दिने काम हुन्छ, तर काम केही पनि हुँदैन । उक्त कामका लागि फिल्ड सर्भे टिमको नेतृत्व गर्ने नेपालको तर्फबाट सीडीओ र भारतको तर्फबाट डीएमलाई यो अधिकार दिइएको छ । यो टिमलाई दशगजा क्षेत्र सफा राख्ने, लोप भएका सीमा स्तम्भहरू सम्बन्धित स्थानमा खडा गर्ने आदि अधिकारहरू छन् । तर धरातलीय तहमा यी सबै कामहरू हुन नसकेकाले पनि सीमा मिचिने काम बढिरहेको छ । सीमा मिचिएका स्थानहरूमध्ये सबैभन्दा ठूलो क्षेत्र कालापानीमा पर्छ । त्यसपछि नवलपरासीको सुस्ताहुँदै पूर्वपुग्दा सबैभन्दा सानो भनेको इलाम जिल्लाको पशुपति गाउँपालिका वडा नं. ८ को फाटक भन्ने ठाउँमा छ । त्यहाँ नेपालको आधा रोपनी जमिन मात्र मिचिएको छ । आधा रोपनी जमिन भनेको एउटा घर घडेरीका लागि पुग्ने जमिन हो । आश्चर्यको कुरा, त्यो पनि भारतले अतिक्रमण गरेको छ ।

**आखिर के चाहन्छ भारत ?**

क्षेत्रफलका हिसाबले हेर्‍यौं भने भारत नेपालभन्दा २२ गुणा ठूलो छ । जनसङ्ख्याका हिसाबले ३३ गुणा ठूलो छ । त्यति ठूलो राष्ट्र भारतलाई नेपालको आधा रोपनी जमिन नपुगेकै हो त ? कुरा शायद यति मात्र होइन, बरु के हो भने कहिँ हजारौं रोपनी, कतै सयौं रोपनी, कतै पचासौं रोपनी हुँदै आधा रोपनीसम्म पनि अतिक्रमण गरेर नेपाललाई तवाहतवाह पार्ने दाउँमा भारत छ । यति गरेपछि नेपालले 'त्वम् शरणम्' गर्छ भन्ने उसको सोँच छ । उसले नेपाल जहिले पनि भारतकै छत्रछायाँमा छ भन्ने देखाउन चाहन्छ । यो उसले चलाएको मनोवैज्ञानिक अधिपत्य वा छत्रछायाँ कायम गर्ने उद्देश्यबाट प्रेरित छ ।

नेपालमा सरकार बन्ने बित्तिकै नेपाली प्रधानमन्त्रीको पहिलो भ्रमण भारतकै हुन्छ । हाल केपी शर्मा ओली पनि भारत नै जानु भयो । पहिलेका प्रधानमन्त्री सबै नै भारत भ्रमण गए । मैले हरेक प्रधानमन्त्रीहरूलाई भेट्दा सीमासम्बन्धी कुरा सार्वजनिक गर्न अप्ठ्यारो परे पनि खुसुक्क भारतीय प्रधानमन्त्रीको कानमा भनिदिए त हुन्छ नि भन्ने गरेको छु । हाम्रो प्रधानमन्त्री दुई/दुई पटक भारतीय प्रधानमन्त्री मोदीसँग एक्लाएक्लै भेटघाट गर्दा पनि सीमासम्बन्धी विवादको कुरो नउठाउने कारण के हो ? सञ्चारमाध्यमहरूमा प्रचारप्रसार पनि हुँदैन । बरु उल्टै नेपालको त्रिभुवन विमान स्थलमा ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# समृद्धिको योजना

नेकपा स्क्वायरको सरकारले 'समृद्ध नेपाल र सुखी नेपाली' बनाउने घोषणा गरेको छ । यो घोषणाबाट सबै नेपाली मनुखेहरू हर्षले बडा गदगद भएका छन् । अब उप्रान्त नेपाल मण्डल समृद्ध हुने छ र नेपाली मनुखेहरू घरघरमा सुखी भएर रहने छन् । त्यसका लागि सरकारले समृद्धिको रुख रोपिसकेको छ । र, अब त्यो रुख लटरम्मै फलेर जताततै विकासै विकास हुनेछ । विकास निर्माणमा अवरोध पुर्‍याउने जतिलाई पुलिसमन्त्रीले नेल र हथकडी लगाएर जेलमा कोच्ने छन् र तिनको हुर्मत लिने छन् । त्यसका लागि उनले सतहत्तरै जिल्लाबाट ठग्ने, ढाँट्ने र काममा ढिलासुस्ती गरेर पैसा मात्रै लुँड्याउन पल्केका ठेकेदारहर्को तीनपुस्ते नाम लिष्ट सङ्कलन गर्न थालेका छन् । उनको यो कदम देखेपछि ठेकेदारहर्को सातो पुत्लो उडेर होस नै ठेगानमा छैन ।

यसरी अब ठेकेदारका नाममा ठगदारको भूमिका खेल्नेजतिले पुलिस मन्त्रीले चलाएको यमलोक यत्राको सामना गर्नु पर्ने छ । यत्रो जोखिम मोल्नु भन्दा बरू विकासै गर्नु राम्रो भनेर अहिले धमाधम देशैभरी विकासका काम कछुवाको गतिबाट एकैचोटी द्रुतसेवाको रेलको गतिमा हुन थालेका छन् । बैसाखमा टेण्डर खोलेर जेठमा काम सुरु गरेर असार महिनामा काम फत्ते गर्ने लक्ष्यअन्सार काम भइरहेका छन् ।

आर्को कुरा सरकारले समृद्धिका लागि नयाँ बजेट पनि ल्याएको छ । अस्ति जेठ पन्ध्र गते जारी गरेको तेह्र खर्वको बजेटमा दस खर्व त सरकारी कारिन्दाहरू, सुरक्षा क्षेत्रका पहरेदारहरू, गाउँ सरकारदेखि सङ्घ सरकारसम्मका मान्य र मन्त्रीहरू, स्कुल कलेजका मास्टरहरू लगायत लगायतका सबैको तलव भत्ता र कार्यालय सञ्चालनमा छुट्याएको छ भने तीन खर्व रकम विकास निर्माणमा छुट्ट्याएको छ । यसो किन गरेको भन्दा युवा जति विदेश छन्, बाँकी बचेका मनुखेहरूमा सरकारी जागिर खानेहरू र तलदेखि माथीसम्मका जनप्रतिनीधिहरू जोड्दा कतै पनि नजोडिएका सुद्ध मनुखे अत्यन्तै थोरैको सङ्ख्यामा बच्ने हुँदा देशको जनसङ्ख्याको धेरै हिस्साले सरकारी तलव भत्ताबाटै उनीहरू समृद्ध हुने हुँदा नेपाल समृद्ध बनिहाल्ने छ र नेपाल समृद्ध भएपछि नेपाली सुखी भैहाल्ने कुरा तथ्याङ्कले देखाइसकेको छ ।

युवा जति विदेशमा गएर धन कमाएर समृद्ध बन्ने छन् । बुढाबुढीहरू वृद्ध भत्ता खाएर समृद्ध हुने छन् । सुत्केरी महिलाहरू सुत्केरी भत्ताबाट समृद्ध हुने छन् । एकल महिला जति एकल भत्ता खाएर समृद्ध हुने छन् । पेन्सनरहरू पेन्स खाएर समृद्ध हुने छन् । वहालवाला सरकारी कारिन्दाहरू तलब भत्ता र महङ्गी भत्ता खाएर समृद्ध हुने छन् । उद्योगी ब्यापारीहरूले बस्तुको मूल्य बढाएर आएको अतिरिक्त नाफाबाट समृद्ध हुने छन् । स्थानीय सरकारदेखि केन्द्र सरकारसम्मका मान्य र मन्त्रीहरू सरकारी बजेटबाट समृद्ध हुने छन् । सत्ताधारी दलका नेता कार्यकर्ताहरू विकास बजेट परिचालन गर्दा आउने कमिसनबाट समृद्ध हुने छन् । ठेकेदारहरू ठेकका पट्टाबाट समृद्ध हुने छन् । भरियाहरू पर्यटकका भारी खेपेरै समृद्ध हुनेछन् । एनजिओ आइएनजिओमा लागेकाहरू दाताहरूले पठाएका विकासे कलो खाएर समृद्ध हुने छन् । विभिन्न प्रकारका अधिकारकर्मीहरू डलर खाएर समृद्ध हुने छन् । यसो गर्दा कोही नेपाली मनुखे समृद्धिको योजनाबाट बञ्चित हुने छैनन् । कतै न कतै उनीहरू समेटिने छन् । छिटफुट रहलपहलले घरघरमा आएको सिँहदरबार खाएर समृद्ध हुने छन् ।

यसरी हरेक नेपाली मनुखे समृद्ध हुनु नै देश समृद्ध हुनु हो । खासमा समृद्धि चाहिएको मनुखे जगतलाई नै हो क्यारे । ढुङ्गा माटोलाई हैन । त्यसैले मनुखे समृद्ध हुँदा देश समृद्ध हुन्छ । देश समृद्ध भएमा सबै नेपाली मनुखे सुखी हुने छन् । यस्तो काइदाको योजना यो नेकपा स्क्वायरको सरकारले ल्याएको छ । त्यसमा पनि फोरम सरकारमा पसेपछि मधेस र मधेशी मनुखेहरू पनि समृद्ध बन्ने छन् । यसो हुँदा हिमाल पहाड तराई समृद्धिबाट कोही हुने छैनन् पराई ।

२७ जेठ २०७५

kailubraha73@gmail.com

# ओली–दाहालको समाजवाद निर्माणको हुइँया ख्रुश्चेभी संशोधनवादको केही फरक ढंगको पुनरावृत्ति मात्र हो



❑ हुकुमबहादुर सिंह
अध्यक्ष– राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपाल

***एमाले–माकेको गठबन्धनबाट बनेको 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)'ले भन्ने गरेको 'समाजवाद निर्माण'लाई क्रान्तिकारी माओवादीले झुठ्को खेती भनेको कुरालाई तपाईँले ख्रुश्चेव र माओबिचको महाविवाद भनी एक आलेखमार्फत् सार्वजनिक गर्नुभएको छ। नेपालको सन्दर्भमा यसको प्रसङ्ग जोडिदिनुस् न।***

अहिलेको नव गठित नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले भन्ने गरेको 'समाजवाद निर्माण'लाई क्रान्तिकारी माओवादीले झुठ्को खेती भनेको कुरा मार्क्सवादी-लेनिनवादी दृष्टिकोणबाट सही देखिन्छ। किनभने प्रथम नेकपा एमाले र माओवादी केन्द्र विघटन गर्दै गठन गरिएको 'नेपाल कम्युनिस्ट पाटी (नेकपा)' सिद्धान्त, विचार र कार्यदिशाको हिसावले ख्रुश्चेभी नवसंशोधनवादलाई आफ्नो मार्गनिर्देशक सिद्धान्त मान्दछ, त्यसैले त्यो कम्युनिस्ट पार्टी नै होइन र यो पार्टी खासमा दुई जना 'पुँजीवादी लेफ्टीनेन्टहरू-ओली र दाहाल'को पार्टी हो। र, यो पार्टी निर्वाचन आयोगमा दर्ता भएको कम्युनिस्ट नामको एउटा संसदीय राजनीतिक दल हो।

दोस्रो अहिले नेपालमा आफूलाई 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा) 'भन्नेहरूले संसद र प्रदेश निर्वाचनमा करीब करीब दुई तिहाई मतका साथ सरकार बनाएका छन्। उनीहरू आफूलाई मार्क्सवादी–लेनिनवादी भन्दछन् र सर्वहाराले सत्ता खोसेको झै गरी देशमा समाजवादी क्रान्ति गर्ने भनेर कोकोहोलो पनि गर्दैछन्। उनीहरूको समाजवादी क्रान्तिको डम्फूको ताल नेपालको संविधान २०७२ हो। जसमा समाजवाद उन्मूख अर्थतन्त्र लेखिएको छ भन्ने छ। के निश्चित हो भने वर्तमान संविधानमा लेखिएको समाजवादउन्मूख अर्थतन्त्रले उनीहरूलाई केबल एकाधिकार दलाल नोकरशाही पुँजीवादतर्फ मात्रै लैजान्छ। तै पनि जनताका बीचमा आफूलाई मार्क्सवादी–लेनिनवादी भन्ने भ्रम दिइरहेकाले उनीहरूले भन्ने समाजवाद कस्तो हो, जनताका बीचमा स्पष्टताका लागि बहसको खांचो अवश्य छ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहासमा विश्व सर्वहारा क्रान्तिका दुईवटा मोडल स्थापित छन् : रसियन र चिनियाँ मोडल। त्यसैगरी समाजवादी निर्माणका सन्दर्भमा पनि हामीसित दुईवटा अनुभवहरू छन् : रसियन र चिनियाँ अनुभवहरू। यी अनुभवहरूसित 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)'भन्नेहरूले परिकल्पना गरेको समाजवादको कहिं कतै पनि मिलन हुनै सक्दैन। यदि छ भने ख्रुश्चेभको नवसंशोधनवादले अगाडि सारेका तीन शान्तिपूर्णहरू- शान्तिपूर्ण सङ्क्रमण, शान्तिपूर्ण सहअस्तित्व र शान्तिपूर्ण प्रतिस्पर्धाको अवलम्वनसित छ। जसलाई नेपालमा स्व. मदनभण्डारीले अगाडि ल्याएको नयाँनाम जनताको बहुदलीय जनवाद(जबज) भनिन्छ। ख्रुश्चेभको बदनाम नवसंशोधनवाद नै सारमा नेपालमा मदन भण्डारीको जबजमा पुनरावृत्ति हो। जसलाई अहिले एमाले र माकेको संयुक्त पार्टी- 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)'ले मार्गनिर्देशक सिद्धान्त मानेको छ। तर मार्क्सवाद-लेनिनवाद-माओवादले वर्गसङ्घर्षलाई स्वीकार गर्नुका साथै वर्गसङ्घर्ष र सर्वहाराको अधिनायकत्व दुवैलाई मान्यता दिन्छ।

आजको समयमा मार्क्सवादी हुनका लागि वर्ग सङ्घर्ष र सर्वहाराको अधिनायकत्वलाई स्वीकार गर्नु मात्रै काफी हुँदैन, एउटा मार्क्सवादी भनिन उसले महान् सर्वहारा सांस्कृतिक क्रान्तिका आधारभूत बुझाइलाई स्वीकार गर्नुपर्दछ। यसरी वर्ग सङ्घर्ष, बलप्रयोगको सिद्धान्त, सर्वहाराको अधिनायकत्व र सर्वहारा सांस्कृतिक क्रान्तिका आधारभूत बुझाइलाई स्वीकार नगर्नेहरू आखिरमा मार्क्सवादी–लेनिनवादी नभई ख्रुश्चेभको नव संशोधनवादीहरू हुन्। वर्तमानमा सरकारी ख्रुश्चेभको नव संशोधनवादी कम्युनिस्टहरूको काम नेपालमा पुँजीपतिको चालबाजीपूर्ण योजनालाई नेपालको धर्तीमा कार्यान्वयन गर्ने नै हो। तै पनि नेपालका कम्युनिष्ट समर्थक जनतालाई समाजवादका कुरा गरेर केही समयसम्म भ्रममा राखिरहन उनीहरू चाहन्छन्। यस्ता ख्रुश्चेभी नव संशोधनवादीहरूका विरुद्ध सैद्धान्तिक, राजनीतिक, वैचारिक सङ्घर्ष चलाएर मात्र नेपाली जनतालाई यिनीहरूको गलत उद्देश्यहरूबारे स्पष्ट बनाउन सकिन्छ।

१९५३ मा, स्तालिनको मृत्युपछि, जसरी ख्रुश्चेभद्वारा नेतृत्व गरिएको एउटा संशोधनवादी गुटले 'कु' गऱ्यो र सोभियत सङ्घको कम्युनिष्ट पार्टीमाथि, अनि अन्तर्राष्ट्रिय सर्वहाराको नेतृत्वदायी पार्टीमाथि नियन्त्रण गऱ्यो, त्यो बेलामा रुस, जो समाजवादको पहिलो भूमि थियो, त्यसमा पुँजीवादको पुनः स्थापनाको प्रक्रिया सुरू गरे र साम्राज्यवादी क्याम्प, खासगरी अमेरिकी साम्राज्यवादसित सम्वन्धको विकास गरे। उक्त समयमा ख्रुश्चेभको नव संशोधनवाद विरूद्ध माओको लडाई अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा "महान् बहस"को रूपमा प्रशिद्ध छ।

त्यसबेला विश्वका कम्युनिष्ट पार्टीहरूका धेरै नेतृत्वहरूले संशोधनवादी ख्रुश्चेभी लाइनको समर्थन गरका थिए। धेरै विशिष्ट स्थापित नेताहरू र पार्टीहरूले उनीहरूका आफना देशहरूमा संशोधनवादी लाइन पहिला नै लिन सुरू गरिसकेका थिए। अमेरिकामा ब्रोउडरले समाजवाद र पुँजीवादबीच साझेदारीको सिद्धान्त पहिले नै ल्याइसकेको थियो र अन्तर ाष्ट्रिय कम्युनिष्ट आन्दोलनबाट बाहिर गइसकेको थियो; थोरेज, फ्रान्सबाट प्रतिनिधित्व गरेको तेस्रो अन्तर्राष्ट्रियको नेता, जसले फासिवादविरोधी मोर्चा अवधिमा पुँजीपतिहरूसित नजिकको सम्बन्ध विकास गरेको थियो, युद्धपछिका वर्षहरूमा फ्रेन्च उपनिवेशहरूका जनताप्रति राष्ट्रिय निरङ्कुशतावादी पदहरू लिएको थियो र फ्रेन्च साम्राज्यवादी पुँजीपतिको एउटा नोकर बन्यो; इटलीको तोगलियाती, अर्को प्रमुख तेस्रो अन्तराष्ट्रियको नेता, जसले पुँजीवादी संसदमार्फत 'संरचनागत सुधार'गर्दै 'सुधार' र 'पुनर्संरचना'द्वारा पुँजीवादलाई समाजवादमा लैजान चाहन्थ्यो; भारतीय कम्युनिष्ट पार्टी नेतृत्वले शान्तिपूर्ण मार्गलाई स्वीकार गर्नलाई उनीहरूको कार्यनीतिक लाइन पहिले नै परिवर्तन गरिसकेका थिए। यसरी यी संशोधनवादी शक्तिहरू, जसलाई माओले भन्नु भएको थियो- "उनीहरूको सुरु अवस्थामा नै आवश्यकता बमोजिम आलोचना गरिएन र परास्त गरिएन, ती ख्रुश्चेभसित एकदमै खुशीसाथ साझेदारी गर्न पुगेका थिए।" जो अहिले नेपालमा त्यसको पुनरावृत्ति भएको छ।

त्यस समयमा समाजवादी क्याम्पभित्र केबल चिनियाँ कम्युनिष्ट पार्टी र अल्बानियाको लेबर पार्टीले मात्रै ख्रुश्चेभको संशोधनवादलाई पहिचान गरी अस्वीकार गऱ्यो र मार्क्सवाद-लेनिनवादको एउटा साहस र प्रतिवद्धताका साथ रक्षा गऱ्यो। शान्तिपूर्ण सङ्क्रमणको अर्थ संसदीय व्यवस्थाद्वारा समाजवादतर्फको शान्तिपूर्ण सङ्क्रमण हो। ख्रुश्चेभले प्रस्ताव राख्यो कि वर्तमान युगमा संसदमा शान्तिपूर्ण रूपले एउटा बहुमत विजयद्धारा समाजवाद प्राप्त गर्न सकिने सम्भावना थियो र अनि समाजवाद ल्याउनलाई सुधारहरू गरेर ल्याउन सकिन्छ। उसले यसरी क्रान्तिको आवश्यकतालाई इन्कार गऱ्यो। यो सिद्धान्त वर्नस्टिन र अन्य सामाजिक -प्रजातन्त्रवादीहरूको संशोधनवादको एउटा पुनरावृत्ति थियो।

माओको निर्देशनमा चलेको चिनियाँ कम्युनिष्ट पार्टी यो सङ्घर्षको अग्रभागमा थियो। बीसौ सोभियत पार्टी कङ्ग्रेसको दुई महिनाभित्रै चिनियाँ कम्युनिष्ट पार्टीले सर्वहाराको अधिनायकत्वको ऐतिहासिक महत्वमाथि एउटा लेख प्रकाशित गऱ्यो, जसले स्तालिनलाई एउटा महान् मार्क्सवादी-लेनिनवादीको रूपमा उच्च मूल्याङकन गऱ्यो। यसको लगत्तै डिसेम्वर १९५६मा अर्को लेख सर्वहाराको अधिनायकत्वको ऐतिहासिक महत्वमाथि ज्यादा जोडदिंदै प्रकाशित गरियो। यसले समाजवादी क्याम्पले उसका मित्रहरू र शत्रुहरू को हुन् स्पष्टसित छुट्याउनु पर्दछ भनी जोड दियो। यो पार्टी फोरमहरूभित्र खासगरी १९५७ मा ६०वटा भाइचारा पार्टीहरूको वैठकहरूमा र १९६० मा ८१वटा भाइचारा पार्टीहरूको वैठकहरूमा र सोभियत पार्टी नेतृत्वसितका बैठकहरूमा ख्रुश्चेभी संशोधनवादी लाइनसित सङ्घर्षका लागि र त्यसलाई पराजित गर्न एउटा सात वर्षे लामो प्रयाससितको योजनामा जोडिएको थियो।

अहिले नेकपा एमाले र माओवादी केन्द्र विघटन गर्दै गठन गरिएको 'नेपाल कम्युनिस्ट पार्टी (नेकपा)' ले सन् १९५६को सोभियत सङ्घको कम्युनिष्ट पार्टीको बीसौं कङ्ग्रेसमा ख्रुश्चेभको नवसंशोधनवादका विषयहरूलाई अन्य कम्युनिष्ट पार्टीहरूबीचमा फैलाउन सुरू गरेको इतिहास छ। र, त्यही इतिहासको अलि फरक ढङ्गको पुनरावृत्ति अहिले नेपालमा ओली-दाहाल गठबन्धनका नाममा भएको छ।

**शान्तिपूर्ण संङ्क्रमण**

शान्तिपूर्ण संक्रमणको अर्थ संसदीय व्यवस्थाद्वारा समाजवादतर्फको शान्तिपूर्ण सङ्क्रमण हो। ख्रुश्चेभले प्रस्ताव राख्यो कि वर्तमान युगमा संसदमा शान्तिपूर्ण रूपले एउटा बहुमत विजयद्धारा समाजवाद प्राप्त गर्न सकिने सम्भावना थियो र अनि समाजवाद ल्याउनलाई सुधारहरू गरेर ल्याउन सकिन्छ। उसले यसरी क्रान्तिको आवश्यकतालाई इन्कार गऱ्यो। यो सिद्धान्त वर्नस्टिन र अन्य सामाजिक -प्रजातन्त्रवादीहरूको संशोधनवादको एउटा पुनरावृति थियो।

**शान्तिपूर्ण सहअस्तित्व**

ख्रुश्चेभले समाजवादी राज्यको विदेश नीतिको जनरल लाइनको रूपमा भिन्नै सामाजिक प्रणाली भएका राज्यहरूबीच शान्तिपूर्ण सहअस्तित्व प्रस्ताव गऱ्यो। उसले यसरी पुँजीवादी राज्यहरूसित शान्तिपूर्ण सहअस्तित्वको लेनिनको नीतिलाई तोडमरोड गऱ्यो, जुन सर्वहारा अन्तराष्ट्रवादको समाजवादी राज्यको विदेश नीतिको केबल एउटा पक्षमात्रै थियो। ख्रुश्चेभले साम्राज्यवादसित शान्तिपूर्ण सहअस्तित्वलाई कायम राख्ने उसको इच्छाबमोजिम सबै अन्य चीजहरूलाई यसको अधीन बनायो। उसले उत्पीडित राष्ट्रहरूको सङ्घर्षलाई मद्दतको नीति र अन्य समाजवादी देशहरूलाई सहयोग दिन र सबन्ध बनाउन साम्राज्यवादी शक्तिहरूसित शान्तिपूर्ण सहअस्तित्वको आवश्यकतामाथि आधारित बनायो। यो अरु केही नभएर केबल साम्राज्यवादसित साझेदारीको एउटा नीति थियो।

**शान्तिपूर्ण प्रतिस्पर्धा**

शान्तिपूर्ण प्रतिस्पर्धा यो सिद्धान्त थियो कि पुँजीवाद र समाजवादबीच अन्तरविरोध पुँजीवादी र समाजवादी प्रणालीबीच आर्थिक प्रतिस्पर्धामार्फत् समाधान गरिने छ। यो सिद्धान्तले यसरी साम्राज्यवादको प्रतिक्रियावादी र युद्ध पिपासु चरित्रलाई स्वीकार गर्न इन्कार गऱ्यो। यसले भ्रम सृजना गऱ्यो कि समाजवादी र साम्राज्यवादी क्याम्पबीचको अन्तरविरोध एउटा प्रतिरोधविहीन अन्तरविरोध थियो, जसलाई सङ्घर्षको शान्तिपूर्ण रूपमार्फत् समाधान गरिने छ।

यसरी ख्रुश्चेभको तीन शान्तिपूर्णहरूको सिद्धान्त एउटा पूरै संशोधनवादी सिद्धान्त थियो, जसलाई उसले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमाथि लाद्न चाहन्थ्यो। यो साम्राज्यवादसित नजिकको सम्बन्ध बनाउनतिर निर्देशित थियो। उसको योजना कार्यान्वयन गर्न र साम्राज्यवादी शक्तिहरूको स्वीकारोक्ति प्राप्त गर्न, ख्रुश्चेभले साथसाथै व्यक्ति विरोधको नाममा स्तालिनमाथि एउटा विषालु आक्रमण गऱ्यो। क्रान्तिकारी सिद्धान्त जुन स्तालिनले खडा गर्नु भएको थियो र यसको लागि लड्नु भएको थियो, त्यसलाई तोडन विश्वभरिका क्रान्तिकारीहरू र जनसमूहहरूबीच स्तालिनको व्यक्तित्वलाई ध्वस्त गर्नु उसका लागि पहिलो आवश्यकता थियो। यो काम अनेकौं झुटहरू र फरेबहरूको प्रचारप्रसारको एउटा अभियानमार्फत् गर्न सकिन्थ्यो।

वर्तमानमा नेपालमा प्रचण्ड-ओलीहरूले पनि अनेकौं झुटहरू र फरेबहरूको प्रचारप्रसारको एउटा अभियानमार्फत् नेपालका क्रान्तिकारी कम्युनिस्टहरूका विरुद्ध विभिन्न षड्यन्त्रमूलक कार्यहरू गर्न तम्सिएका छन्, जसका विरुद्ध नेपालका क्रान्तिकारी कम्युनिस्टहरूलाई गोलबन्द गर्दै यो महान् बहसलाई क्रान्तिकारीहरूले संयुक्तरूपले अगाडि बढाउन जरुरी छ।

***२. ख्रुश्चेवी नवसंशोधनवाद विरुद्धमा माओको क्रान्तिकारी धार र नेपालमा ओली–दाहालको संशोधनवाद विरुद्ध क्रान्तिकारी माओवादीको क्रान्तिकारी धार विचारका हिसाबले एकै ठाउँमा छन् त ?***

अप्रिल १९६०मा चिनियाँ कम्युनिष्ट पार्टीले 'लेनिनवाद जिन्दावाद !' प्रकाशित गऱ्यो र साम्राज्यवाद, युद्ध र शान्ति, सर्वहारा क्रान्ति र सर्वहाराको अधिनायकत्वमाथि लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई उचा गर्दै दुई अरू लेखहरू प्रकाशित गऱ्यो। यी लेखहरूले नाम उल्लेख नगरी सोभियत कम्युनिष्ट पार्टीको संशोधनवादी अवस्थितिहरूको विरोध गऱ्यो।

स ं शो ध न वा दी ह रू ल े यद्यपि उनीहरूका संशोधनवादी अवस्थितिहरूअझ ज्यादा व्यवस्थित गर्ने उनीहरूका प्रयासहरूसित निरन्तरता दिए। यसरी १९६१मा आयोजना गरिएको सोभियत कम्युनिष्ट पार्टीको बाइसौं कङग्रेसमा स्वीकृत गरिएको कार्यक्रमले मार्क्सवाद-लेनिनवादको मूल मर्मलाई संशोधन गऱ्यो, मूलतः सर्वहारा क्रान्तिका सिकाइहरू, सर्वहाराको अधिनायकत्व र सर्वहाराको पार्टी आदिमाथि संशोधन थिए। यसले घोषणा गऱ्यो कि सोभियत सङ्घमा सर्वहाराको अधिनायकत्व अब ज्यादा आवश्यक छैन र कि सोभियत कम्युनिष्ट पार्टीको सर्वहाराको अग्रदस्ताका रूपमा परिवर्तन गरि सकिएको थियो। कङ्ग्रेसले एउटा "सबै जनताको राज्य"को सिद्धान्त र "समग्र जनताको पार्टी"लाई पहिले नै हास्यप्रद तरिकाले स्वीकृत गरिसकेको थियो। कङ्ग्रेसमा ख्रुश्चेभले अल्बानियन पार्टीमाथि खुल्ला र पब्लिक आक्रमण सुरू गऱ्यो र यसको नेता एन्भर होक्जालाई सत्ताच्युत गर्नसमेत् आव्हान गऱ्यो। चाउ एन लाईले नेतृत्व गरेको चिनियाँ कम्युनिष्ट पार्टीको प्रतिनिधिमण्डलले यसको विरोध गऱ्यो।

ख्रुश्चेभले चिनियाँ कम्युनिष्ट पार्टीमाथि खुल्ला आक्रमणका लागि सुरू गर्न अन्य कम्युनिष्ट पार्टीहरूलाई हौसला दिंदै आह्वान गऱ्यो। सोभियत सङ्घबाट प्रकाशित अनगिन्ति लेखहरूले चिनियाँ नेतृत्वमाथि आक्रमण पनि गऱ्यो। चिनियाँ कम्युनिष्ट पार्टीले अन्त्यमा केही आक्रमणहरूको उत्तर दिन सुरू गऱ्यो, इटालियन पार्टीका तोग्लियात्ती, फ्रेन्च पार्टीका थोरेज, अमेरिकी कम्युनिष्ट पार्टीका गस हल र अरूहरूका विभिन्न सिरिजमा सातवटा लेखहरू जुन १९६२को अन्त्य र १९६३को सुरूमा प्रकाशित गरिए।

चिनियाँ कम्युनिष्ट पार्टीका प्रमुख विचारहरूको एउटा सारांश १९६३को जुन १४को प्रशिद्ध चिट्ठीमा राखिएका थिए, जसको शीर्षक 'अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको जनरल लाइनसित सम्वन्धित एउटा प्रस्ताव' थियो। यसलाई सोभियत सङ्घको कम्युनिष्ट पार्टीले चिनियाँ कम्युनिष्ट पार्टीलाई एउटा खुल्ला चिट्ठीद्वारा उत्तर दियो। समग्र सवाल अब खुल्ला रूपमा बाहिर आइसकेकाले, चिनियाँ कम्युनिष्ट पार्टीले बहसलाई खुल्ला प्रेसमार्फत् सञ्चालन गर्ने निर्णय गऱ्यो। यसले सोभियत सङ्घको कम्युनिष्ट पार्टीको खुल्ला चिट्ठीमाथि नौवटा आलोचनाहरू बाहिर ल्यायो र जनसमूहका अगाडि सबै सवालहरूलाई स्पष्ट बनायो।

यो सङ्घर्ष, जुन १९६३मा खुल्ला रूपमा आयो र १९६४भरि निरन्तर रहयो, जसलाई महान् बहसका रूपमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा प्रशिद्ध बन्यो। यो महान् बहस विश्व कम्युनिस्ट आन्दोलनका लागि अति नै ऐतिहासिक महत्वको थियो। सही मानेमा यो आधुनिक संशोधनवाद विरूद्ध एउटा सैद्धान्तिक र विस्तृत सङ्घर्ष थियो। यसले विश्वभरिका सबै सर्वहारा क्रान्तिकारी शक्तिहरूका लागि विश्वास प्रदान गर्ने गऱ्यो। यो मार्क्सवाद-लेनिनवादको एउटा वैज्ञानिक विकास पनि थियो, जसले त्यो अवधिका लागि अन्तर ाष्ट्रिय कम्युनिष्ट आन्दोलनमा यसको क्रान्तिकारी जनरल लाइन दियो। यो सङ्घर्षको पछाडिको चालक शक्ति माओ नै हुनुहुन्थ्यो।

यही महान् बहसमार्फत् माओले अन्तर्राष्ट्रिय सर्वहारा वर्गका अगाडि सबभन्दा महत्वपूर्ण प्रश्नहरूको उत्तर दिएर मार्क्सवाद-लेनिनवादको विज्ञानलाई विकसित गर्नु भयो- विश्वमा आधारभूत अन्तरविरोधहरू, को मित्रहरू र को शत्रुहरू हुन्, आन्दोलनको लक्ष्यहरू र विश्व समाजवादी क्रान्तिको विजय प्राप्त गर्नका लागि मार्ग आदि। यी मान्यताहरू जुन १४को चिट्ठीमा प्रमुख रूपले राखिएको थियो। दोस्रो विश्व युद्धपछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनले सामना गरिहेका विभिन्न गम्भीर सवालहरू-नव-संशोधनवाद, युद्ध र शान्ति, शान्तिपूर्ण सहअस्तित्व, युगोस्लाभिया, ख्रुश्चेभको संशोधनवाद र त्यसबाट झिकिएका ऐतिहासिक पाठहरूमाथि नौवटा आलोचनाहरूले क्रान्तिकारी अवस्थितिहरूलाई निश्चित र वर्णनात्मक गरायो। यो त्यही महान् बहसमार्फत माओवादले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी पक्षहरूको मार्गनिर्देशक विचारका रूपमा अरू बढता स्वीकृति पायो।

अहिले नेपालमा एमाले र माकेको मिलनबाट नेपाली कम्युनिस्ट आन्दोलनमा काफी भ्रमहरू सृजना भएका छन्, तीनलाई जनताको बीचमा स्पष्ट पार्न अर्को महान् बहसको आवश्यकता छ र अहिले अन्तर ाष्ट्रिय स्तरमा स्थापित माओजस्ता क्रान्तिकारी नेता छैनन्। तर पनि अहिलेको आवश्यकता ख्रुश्चेभको नवसंशोधनवाद विरूद्ध माओको लडाइँबाट पाठ सिक्दै एमाले र माकेका विरुद्ध सैद्धान्तिक, राजनीतिक, वैचारिक बहसको महान जिम्मेवारी पूरा गर्ने अभिभारा अहिले नेपालका केही सीमित क्रान्तिकारी कम्युनिस्टहरूका काँधमा आएको छ। र यी मध्ये तुलनात्मक रूपले हामीसित सैद्धान्तिक, राजनीतिक, वैचारिक बहसको महान् जिम्मेवारी पूरा गर्ने अभिभारा अहिले नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का अध्यक्ष क.मोहन वैद्य 'किरण'को काँधमा आएको छ।

हुन त सन् १९६३-०६४को समयको जस्तो कम्युनिस्ट आन्दोलन छैन, अहिले नेपालमा कम्युनिस्ट नेता तथा कार्यकर्ताले सैद्धान्तिक, राजनीतिक, वैचारिक बहसको आवश्यकतातर्फ त्यति रुची राख्दैनन्, उनीहरूको ध्यान पद र पैसामा केन्द्रित भएको छ। देश र जनताको मुक्ति आफूले प्राप्त गर्ने त्यही पद र पैसामा तौलनी गर्दछन्। तै पनि क्रान्तिकारीका लागि क्रान्तिकारी आशावादका साथ कसरी माओले ख्रुश्चेभको नवसंशोधनवाद विरूद्धको लडाइँ लड्दै मार्क्सवाद-लेनीनवादको विकासमा महत्वपूर्ण योगदान दिनुभएको थियो, त्यसबाट पाठ सिक्दै एमाले र माकेका विरुद्ध सैद्धान्तिक, राजनीतिक, वैचारिक बहसलाई नेपाली जनताको विचमा ...बाँकी ७ पेजमा

# ट्रम्प एक्लिए जी-७ बाट

काठमाडौं, जेठ २६ । शनिवार सम्पन्न क्यानडाको क्यवेकमा जारी जी-७ शिखर सम्मेलनको संयुक्त वक्तव्यमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हस्ताक्षर गर्न अस्वीकार गरेका छन् । सहभागी साझेदार राष्ट्रहरूबीच व्यापार युद्ध घोषणाको आरोप प्रत्यारोपसँगै शिखर सम्मेलन सम्पन्न भएको घोषणा गरिएको थियो ।

सम्मेलनमा नयाँ प्रस्तावहरूमाथि छलफल गर्ने भन्दा पनि अमेरिकाले स्टिल र आल्मुनियम लगाएको व्यापार कर नै ठुलो एजेण्डा बनेको थियो । सम्मेलनमा सबै साझेदारहरू आफू विरुद्धमा ओहिरिएसँगै अमेरिकी राष्ट्रपति एक्लिन पुगेका थिए । आफू एक्लिएको महसुससँगै अमेरिकी राष्ट्रपति ट्रम्पले रसियालाई जी-७ मा राख्न हारगुहार समेत् गरेका थिए ।

आफ्ना व्यापार साझेदारहरूसित एक रत्ति पनि सल्लाह नै नलिइकन अमेरिकामा आयात गरिने स्टिल तथा आल्मुनियममा ट्रम्पद्वारा चर्को र एकलौटी व्यापार कर लगाइने घोषणा गरेपछि ट्रम्प आफ्ना व्याापार साझेदारहरूको आलोचनाको तारो बन्दै आएका थिए ।

ट्रम्प सुरुमा स्टिल र आल्मुनियममा चर्को व्यापार कर घोषणा गरेर छिमेकी देशहरू क्यानडा तथा मेक्सिकोसँग विवादमा तानिएका थिए । विवादको आगो फैलँदै गएपछि ट्रम्प क्रमशः जी-७ का सबै साझेदारहरूको आलोचनाका शिकार हुन पुगेका छन् । जी-७ को शिखर सम्मेलनमा उपस्थित सबै साझेदारहरूले ट्रम्पद्वारा व्यापार युद्ध छेडिएको गम्भीर आरोप लगाएपछि उनले जी-७ मा रसियाको उपस्थिति हुनुपर्ने कुरालाई खुलेरै राखेका थिए ।



रसियाका शक्तिशाली सरकार प्रमुख तथा योजनाकार भ्लादिमिर पुटिनप्रति ट्रम्पको यो आशक्तिपूर्ण भनाइ आएपछि कुनै पनि मानेमा अब ट्रम्पलाई व्यापार साझेदारहरूको सहयोग नमिल्ने र उनका विरुद्ध व्यापार युद्ध गरिने आक्रोशपूर्ण अभिव्यक्तिहरू शिखर सम्मेलनमा उपस्थित उनका साझेदारहरू सबैले दिए ।

बाहिर देख्दा अमेरिकाको रसियाप्रति निकै शत्रुतापूर्ण रबैया देखिए पनि भित्रभित्रै ट्रम्प प्रशासन रसियाको पहलमा भएको आफ्नो चुनावी जीतलाई लिएर पुटिनप्रति निकै नतमस्तक भएको देखिएको व्यापार विश्लेषकहरूले बताएका छन् ।

# अतिरञ्जित प्रचारमा किन ओर्लिए मोदी ?

भारतीय राजनीतिक रङ्गमञ्चमा भर्खरै उदाएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो हत्या योजना बनेको भन्ने सनसनीपूर्ण खबरहरू सञ्चारमाध्यमहरूमा पठाएर किन चर्चामा आउन खोजे भन्ने कुराभित्र गम्भीर रहस्य लुकेको चर्चा राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् । उनको हत्या गर्ने योजना भारतमा करिब ४ दशकदेखि सशस्त्र सङ्घर्षको नेतृत्व गरिरहेको भारतीय माओवादीले बनाएको भनी प्रचार गरिएको छ । यसको आधिकारिक स्रोत भनेको भारतीय माओवादी पार्टीका कार्यकर्ताहरूको गिरफ्तारी पछि उनीहरूबाट बरामद गरिएको भनिएको चिट्ठीलाई बनाइएको छ ।



भारतीय प्रहरीद्वारा गिरफ्तार गरिएका नक्सालवादी कार्यकर्ताहरूबाट भूमिगत रूपमै लेखिएको एउटा महत्वपूर्ण चिट्ठी समेत बरामद भएको भनिएको सो चिट्ठीमा भारतीय प्रधानमन्त्री मोदीको हत्या गर्ने योजना बनाइएको तथ्य फेला परेको दाबी पनि गरिएको छ ।

सनसनीपूर्ण खबरका रूपमा प्रसार प्रचारमा ल्याइएको उक्त चिट्ठीमा पूर्वप्रधानमन्त्री राजिव गान्धीकै शैलीमा प्रधानमन्त्री मोदीको हत्या गर्ने योजना भारतीय माओवादीले बनाएको भनी दाबी समेत् गरिएको छ । स्वतन्त्र रूपमा पुस्टि हुन नसकेको उक्त कुराको दाबीको स्रोत एकमात्र भारतीय प्रहरी रहेको छ । एक नक्सालवादी कार्यकर्ताको कम्प्युटर बरामद गरिएपछि नै सो कुराको खुलासा भएको भनिए पनि भरपर्दो अन्य स्रोत भारतीय सरकारसँग नरहेको जानकारहरू बताउन थालेका छन् । सञ्चार माध्यमहरूले स्रोतका रूपमा भारतको पुणेस्थित प्रहरीलाई उद्धृत गर्ने गरिरहेका छन् ।

**प्रचारको आवरणभित्र मोदी सरकार ?**

भारतका विपक्षी लगायतका अन्य राजनीतिक दलहरू, मानवअधिकारकर्मीहरू, विषय विज्ञहरू, वौद्धिक सर्कल तथा सर्वसाधरणहरू सञ्चार माध्यमहरूमा प्रचारित यो खबरबाट त्रस्त बनेका छन् । यसको मूल कारण भनेको यही कुरालाई निहुँ बनाएर मोदीको पार्टी भाजपाको वर्तमान सरकार निरङ्कुश बन्ने दिशामा अघि बढ्न सक्ने छ । यो खबरको प्रचार प्रसारपछि मोदीलाई राज्यको अथाह शक्ति प्रयोग गर्ने अधिकार प्रदान गर्ने वातावरण बन्ने छ । सिङ्गो भारतमा सुरक्षाकर्मीहरूको परिचालन निर्वाध रूपमा गरिने छ । विना रोकटोक शान्ति सुरक्षा र भीभीआईपीको सुरक्षा सतर्कताका नाममा राज्यको सुरक्षा संयन्त्र मोदीको हातमा आउने छ । केही राजनीति कर्मी भन्छन्- 'उनले केन्द्र मात्र होइन, हरेक प्रदेशका सुरक्षा संयन्त्रमा आफ्ना मान्छेहरूको कमजोर उपस्थिति रहेकाले प्रदेशहरूको निर्वाचनमा अपेक्षाकृत निर्वाचन नतिजा आउन नसकेको अवस्थालाई अब मजबूत बनाउने छन् ।'

**प्रतिपक्षमाथि ठूलो दबाब**

भारतीय मोदी सरकारको प्रतिपक्षमा रहेको काङ्ग्रेस आई यो खबरबाट ठूलो दबाबमा परेको बताइएको छ । उसलाई मोदीमाथि लक्षित भनी प्रचार गरिएको त्यो योजना सही हो वा होइन भनी पुष्टि हुने स्रोतहरूको खोजीगर्न असंभव जस्तै लागेको छ । सरकार प्रचारित यो समाचारले सत्ताधारी दल र प्रम मोदीलाई अथाह शक्तिमा पुर्‍याउनेमा उनीहरूको आशंका रहेको छ । सतहबाट हेर्दा सरकारको संभावित निरङ्कुशता तर्फको यात्रालाई यो प्रचारले बल नै पुर्‍याउने देखिएको पनि छ । प्रचारित समाचार सही हो वा होइन सोको खोजी गरिने छ भन्नु भन्दा पनि सरकार गम्भीर रहेको भनी गृहमन्त्री राजनाथ सिंहले दिएको अभिव्यक्तिले पनि प्रतिपक्षलाई निकै नै झस्काएको देखिन्छ ।

भारतीय गृहमन्त्री राजनाथसिंहले भनेका छन्- प्रधानमन्त्री नरेन्द्र मोदीको सुरक्षाका लागि सरकार गम्भीर रहेको बताएका छन् । पत्रकारहरूसँगको कुराकानीको बेला सिंह शुक्रबार जम्मुकाश्मिरको एकदिने भ्रमणमा निस्किएका थिए ।

**असङ्गतिपूर्ण प्रचार**

गृहमन्त्री राजनाथ सिंहले भारतीय माओवादी (नक्सालवादी) हरू सकिएको दाबी पनि गरेका छन् । केही प्रदेशहरूमा आफ्नो सशक्त उपस्थिति देखाएका भारतीय माओवादीहरू अब केवल १० वटा जिल्लाहरूमा मात्र सीमित हुँदै गएको बताएका छन् । आतङ्कवाद नियन्त्रणका लागि सरकारले उचित कदमहरू चालिरहेको र थप निर्णय लिने तयारी गरिरहेको समेत बताएका उनले अबको माओवादी दमन चर्को हुने सङ्केत गरेका छन् ।

भारतीय माओवादी विरुद्ध अपरेशन ग्रिनहन्ट जस्तो अत्यन्तै अमानवीय तथा नृशंस दमन अभियानले नपुगेर भारतीय आदिवासी तथा मुक्तिकामी जनताविरुद्ध दमनका नयाँ योजनाहरू पनि कार्यान्वयनमा लगिन लागेको यो अनर्गल प्रचारले खुलस्त गरेको भारतीय वुद्धिजीवीहरूले नै बताउने गरेका छन् ।

# कतारमा नेपाली कामदार घट्दै गए



अहिले नेपाली कामदार कतारमा जाने क्रममा कमी आएको छ । यो कमी पहिलेको तुलनामा २० प्रतिशतले छ । विदेशबाट प्राप्त हुने रेमिटेन्सबाट देशको अर्थतन्त्र चलिरहेको बेला यसले देशकै थप आर्थिक समस्या निम्त्याउने छ ।

नेपाली कामदार कतारमा जानमा कमी आएको पहिलो कारण कतारले अहिले आफ्नै छिमेकी देशहरूको नाकाबन्दी बेहोरिरहेको छ । एक वर्षअघि कतारविरुद्ध घोषणा गरिएको नाकाबन्दीको उसले मुकाबला गरिरहेको छ ।

इस्लामिक आतङ्कवादलाई सहयोग गरेको भनेर कतारमाथि पश्चिमा देशहरूले नाकाबन्दी लगाउँदा उसका छिमेकी देश साउदी अरब लगायतले उक्त नाकाबन्दीमा साथ दिएका छन् । आतङ्कवादलाई नसघाएकाले आफ्ना छिमेकीहरूले पश्चिमा राष्ट्रहरूको योजनाबद्ध नाकाबन्दीलाई विना आधार साथ र सहयोग नदिन कतारले आह्वान पनि गर्दै आएको छ ।

नाकाबन्दी पूर्व कतार इमिग्रेशनमा निकै लहर चलेको थियो । त्यतिबेला १लाख २१ हजार नेपालीहरूले कतारमा काम गरिरहेका थिए । तर हाल जम्माजम्मी ९६ हजार नेपाली कामदार मात्र त्यहाँ कार्यरत छन् ।

# मेक्सिकोको व्यापार अब युरोपियन युनियनसँग



काठमाडौं । मेक्सिकोमा अमेरिकी पेय पदार्थमा व्यापार कर लागू गरिएको छ । छिमेकी देशहरूबाट आयात गरिने स्टिल तथा आल्मुनियमा अमेरिकी सरकारले १२ देखि २५ प्रतिशतसम्म कर लगाएपछि मेक्सिको सरकारले अमेरिकी पेय पदार्थलगायत अन्य आयात गरिने सामानहरूमा कर लगाएको हो ।

यसपछि मेक्सिकोले स्टिल तथा अन्य आवश्यक कुराहरू युरोपीय देशहरूबाट मगाउने भएको छ । यसरी मगाउँदा युरोपीय देशहरूले पुरानै व्यापार करमा मेक्सिकोलाई आवश्यक सामानहरू उपलब्ध गराउने छन् ।

अमेरिकाले अप्रत्याशित रूपमा लगाएको करको मारबाट मेक्सिको यसरी जोगिएको छ भने अमेरिकी साझेदार युरोपीय देशहरू स्वयम् अमेरिकासँग अघोषित व्यापार युद्धमा तानिएका छन् ।

# सन्त्रास छन् फायगो ज्वालामुखीबाट ग्वाटेमालाका जनता

काठमाडौं, जेठ २८ । गत शनिवार बिस्फोट भएको फायगो ज्वालामुखी फेरि मङ्गलवार पुनः बिस्फोट भएको छ । ग्वाटेमालाको प्राकृतिक दुखको रूपमा आएको यो ज्वालामुखी अहिलेसम्म निरन्तर चारपटकसम्म बिस्फोट भइसकेको छ । मंगलबार बिस्फोट हुँदा कैयौं किलोमिटरसम्म यसको धुवाँको मुस्लोले ढाकेको थियो ।

चारैतिर फैलिएको बाक्लो धुवाँमा हाइडोक्लोरिक एसिड र शिशाका कणहरू हावामा फैलिइ रहेका छन् । यसले विषाक्त धुँवा फैलाएर यसको प्रभाव क्षेत्रभित्र कैयौं जीवजन्तुको प्राण लिइसकेको छ । ज्वालामुखी बिस्फोट भएका वरपरका गाउँहरूमा ७२ जना मानिसको ज्यान गइसकेको बताइएको छ भने १७ लाख मानिसलाई यसले प्रभावित तुल्याएका छ ।

ग्वाटेमालाको विपद् नियन्त्रण निकायले मंगलवार पुनः भएको बिस्फोटबारे कुनै जानकारी नै नदिएको र जनतालाई सचेत नगराएको समेत् स्थानीयले गुनासो गरेका छन् । तथापि ज्वालामुखी प्रभाव क्षेत्रको वरिपरि सरकारी सुरक्षाकर्मीहरूको बाक्लो परिचालन गरिएको छ ।

बिस्फोट वरपरका गाउँहरू पूरै लाभा, खरानी र धुँवाले पुरिएका छन् । यो प्राकृतिक विपद्ले ग्वाटेमालामा गम्भीर मानवीय सङ्कट उत्पन्न गराएको छ । यो ज्वालामुखी बेलाबेलामा बिस्फोट भइरहने आशङ्काले ग्वाटेमालाका जनता निकै तस्त्र छन् ।



# सिकलेसमा एक हप्ता

**❑ नरबहादुर महरा**

जेठ २३ गतेदेखि पश्चिम केन्द्रीय कमाण्डका अगुवा राजनीतिक कार्यकर्ताहरूको महत्वपूर्ण प्रशिक्षण हुँदै थियो ।

क. बसन्त, कुलमान, दुर्लभकुमार र म गरी हामी चारजना २२ गते बिहानै घोराहीबाट काठमाण्डौं जाने बसको टिकट लियौं र बसभित्र छिर्यौं । साढे छ बजे हाम्रो गाडी अगाडि बढ्यो । मौसम सफा थियो, हामी क्याबिनमा बसेका थियौं र टाढा टाढासम्म देख्न सकिन्थ्यो । सङ्कटकाल र त्यसपछिको राजा ज्ञानेन्द्रको शासनकालमा ठाउँ ठाउँमा खडा गरिएका सुरक्षा बेस क्याम्पहरूलाई छिचोल्दै हामी अगाडि बढिरह्यौं । उन्नीस दिनको आम हड्तालले राजा ज्ञानेन्द्रमात्र होइन उसको रक्षार्थ अहोरात्र सतर्क भइराख्ने र अनावश्यक रूपले यात्रुहरूलाई दुःख दिँदै आएका सुरक्षाकर्मीहरू पनि शिथिल शिथिल, निष्क्रिय निष्क्रियजस्ता देखिन्थे । अनुहारभरि उदासीनताका रेखाहरू प्रष्ट देख्न सकिन्थ्यो । चनाखोपन सेलाइसकेको थियो र ओइलाएका साग भैं देखिन्थे

करिब २ बजेतिर हामी मुग्लिङ उत्रियौं । चारैजना पोखरातर्फ जाने गाडीमा छिर्यौं र हाम्रो गाडी अगाडि बढ्यो । पोखरा बसपार्कमा पुगेपछि त्यहाँ हामीलाई सम्पर्क गराउनको लागि सलिना बैनी आउनुभयो । हाम्रो प्रशिक्षण कार्यक्रमको लागि सिकलेसमा स्थान निर्धारण गरिएको रहेछ । वहाँसँगै हामी काहुँखोलासम्म गयौं । त्यहाँदेखि हामीलाई सम्पर्कमा पुऱ्याउनको लागि एकजना जनमुक्ति सेनाको कमरेडको जिम्मा लगाएर सलिना फर्किनुभयो । हामीले छ सय भाडा तिरेर एउटा ट्याक्सी लियौं र ज्याम्दो पुग्यौं । त्यहाँ पुग्दा करिब आठ बजिसकेको थियो र नजिकमा बस्नको लागि कुनै घरहरू थिएनन् । करिब दश मिनेट पैदल हिंडेर हामी ज्याम्दोकै एकजना चित्रबहादुर गुरुङको घरमा बास बस्न पुग्यौं । हामीभन्दा अगाडि जनमुक्ति सेनाको एउटा टीम त्यहाँ पुगिसकेको रहेछ । उनीहरू हिँडिसकेका थिए ।

हामी त्योभन्दा अघि बढ्न सक्ने स्थितिमा थिएनौं । अतः त्यहीं ती साथीहरूले खाएर बचेको भात खायौं र सुत्यौं । हामी सबै थाकेका थियौं । त्यसैले बिस्तरामा पल्टने बित्तिकै धुर थाल्यौं ।

उज्यालो हुने बित्तिकै उठेर बिहानको नित्य कर्म सिध्याएर हिंड्ने तर्खरमा थियौं । घरपट्टि दाइले चिया पकाइसक्नुभएको रहेछ र वहाँको 'चिया पिएर हिंड्ने' आग्रहलाई हामीले इन्कार गर्न सकेनौं । चिया पिउँदासम्म घरपट्टि बूढाबासंग भलाकुसारी गर्यौं । गुरुङ लवजमा बोल्ने भएकाले वहाँका केही कुराहरू हामीलाई बुझ्न गाह्रो पनि भयो । तर वहाँका मजाकिला गफ सुन्दा हामीलाई पनि रमाइलै लाग्यो । जवानी कालमा भारतको सेनामा जागीर खाँदा, लडाइँमा जाँदाको आङ्खना जीवन्त अनुभूतिहरू वहाँले सुनाउनुभयो ।

हामीलाई सिकलेस पुग्न अझै तीन चार घण्टाको विकट बाटो हिंड्नुपर्थ्यो र हाम्रो प्रशिक्षण पनि त्यसै दिनदेखि शुरु हुने भन्ने थियो । त्यसैले हामीलाई त्यहाँ धेरै बिलम्ब गर्नु उचित थिएन । हामी सबैले ती दुवै गुरुङ पिता-पुत्रलाई अभिवादन गर्यौं र अगाडि बढ्यौं ।

"जित्ना पर्छा है बाबू हो, हाम्ले जित्ना पर्छा ।"

हामीले ती गुरुङ बुवाको आँगनको डिल काट्न नभ्याउँदै एउटा ठूलो जिम्मेवारी र दायित्वबोधको भारी वहाँले थपक्क हाम्रो काँधमा राखिदिनुभयो ।

"पक्कै जित्छौं बुवा ।"

कमरेड बसन्तले आश्वस्त पार्न खोज्नुभयो ।

हामी सरासर सिकलेसतर्फ अगाडि बढ्यौं ।

सिकलेसदेखि तल फेदीमा रहेको पुल तरेर हामी उकालो लाग्नै थालेका थियौं । माथिबाट तीन चारवटी गुरुङ्सेनी दिदीहरू भरे । उनीहरूले लगाएको मुगाको मालालाई देखाउँदै बसन्तले सोध्नुभयो-

"यो मालालाई के भन्छ दिदी ?"

सायद बसन्तजीलाई थाहा थिएन होला-त्यो मुगाको माला थियो भन्ने । कुलमानजी र म अलि पछाडि नै थियौं ।

"ज्यासुकै भनोस् ।"

ती दिदी त अलि च्याँठिएर पो बोलिन् । हामी सबैलाई अलि नमज्जा लाग्यो ।

हाम्रो त्यो नमज्जालाई दुर्लभकुमारले एउटा चुट्किला सुनाएर उडाइदिनुभयो । हामी हाँस्दै उकालो चढ्यौं ।

सिंढीदार बाटोमा दश पाइला नहिंड्दै थकाइ लागिहाल्थ्यो । हामी विश्राम लिंदै हिंड्दै करिब एघाह्र बजे सिकलेस गाउँमै पुग्यौं । भिरालो ठाउँमा बाक्लो बस्ती, विद्युत तारहरू माकुराको जालो भैं तन्किएका, प्रत्येक घरमा शौचालय, ठाउँ ठाउँमा खुद्रा पसलहरू, टेलीफोन, टी.भी., विकट र दुर्गम ठाउँ भएपनि ठाउँ रमाइलै रहेछ । पा...रि ताडतिङ गाउँमा देखिने सेता घरहरू पनि कम आकर्षक थिएनन् । अझ साँझमा बिजुली बत्ती चम्किंदा त हामी कुनै पहाडी सुन्दर नगरीमा छौं जस्तो लाग्थ्यो । अपरान्ह साढे तीन बजेदेखि पानी पर्न थाल्यो र करिब चारबजेतिर बेसरी दर्केर पर्यो । साँझ साढे सातबजेसम्म पानी परि नै रह्यो । स्थानीय कमरेडले हाम्रो सुत्ने कोठाको बन्दोबस्त मिलाउनुभयो ।

हामी अन्नपूर्णाको काखैमा थियौं । त्यसैले दिनमा सूर्यको तापलाई जाडोले छिचोल्न नसके पनि रातमा भने भित्रै कता कता चिमोट्न आइपुग्थ्यो । तर स्थानीय साथीहरूको राम्रो व्यवस्थापनले हामीलाई जाडोको चिमोटाइले त्यति छोएन ।

प्रशिक्षणका प्रमुख अतिथि कमरेडहरू अध्यक्ष क. प्रचण्ड र डा. बाबुराम भट्टराई अघिल्लो दिनमै हेलीकप्टरबाट त्यहाँ आइसक्नुभएको रहेछ । पोखराबाट देखिने अन्नपूर्णको दृश्यले मलाई निकै लोभ्याएको थियो । टाढाबाट त मैले रोल्पाबाटै धौलागिरी हिमाललाई हेरेको छु तर नजिकबाट त्यसलाई छाम्न आजपर्यन्त सकेको छैन । त्यसैले पोखरा आएको अवसरमा अन्नपूर्णलाई नजिकैबाट हातले छाम्न मन हताररिएको थियो । व्यवस्थापनको अपूर्णताले गर्दा कार्यक्रम दिउँसोदेखि मात्रै हुने जानकारी भयो । त्यसैले बिहानै चिया पनि नपिएरै मैले साथी खोज्न थालें । सञ्चार विभागका चिन्तनजीसंग कुरा मिल्यो । वहाँहरूले चाउचाउ पकाउन थाल्नुभयो । हामी सबैले चाउचाउ खायौं र बाटो लाग्यौं । दुर्लभकुमारले पनि मेरो साथ दिने हुनुभयो र स्वास्थ्य विभागका अरु साथीहरू पनि साथ लागे र पछि कूलानन्द गिरी र क्षितिज पनि थपिनुभयो ।

गाउँबाट आधा घण्टाजति पैदल उकालो चढेपछि अन्नपूर्ण हाम्रो सामुन्ने उभिन आयो हामीले धित मरुञ्जेल हेर्न चाहेका थियौं । तर बेलाबेलामा बाक्लो कुहिरो आएर लछ्प्पै ढाकेर आफूभित्रै लुकाइदिन्थ्यो । मलाई त्यो लुकामारी साह्रै मन पर्यो । अन्नपूर्णलाई पृष्ठभूमिमा पारेर हामीले केही तस्वीरहरू खिच्यौं ।

मलाई त्यो बेला मेरी छोरी र मसँगै कार्यालयमा काम गर्दै आएकी मेरी भदै सीतूको याद आयो । मेरी छोरीको नजिकबाट हिउँलाई हेर्ने रहरलाई मैले जलजलामा लगेर बिलाउन लागेका हिउँका स-साना थुप्राहरू देखाइदिएर मेटाइदिएको थिएँ । तर हिउँ नै हिउँको पहाडलाई उसले देख्न पाएकी छैन । फूल र प्राकृतिक सौन्दर्यप्रति हुरुक्कै भएर प्राण फाल्ने सीतु यहाँ भइदिएकी भए कति रमाउँदी होलिन् । मैले उनलाई आफूसँगै नलिएकोमा थक्क थक्क लाग्यो अब फेरि अन्नपूर्णलाई नजिकबाट छाम्ने अवसर कहिले पो आउला र ? हामीले अघाउञ्जी अन्नपूर्णसंग लुकामारी खेल्यौं र पौने नौबजे हाम्रो क्याम्पतिर फर्कियौं ।

दुईबजेदेखि कार्यक्रम शुरु हुने जानकारी भएकोले हामी सबै प्रशिक्षण हलमा प्रवेश गर्यौं । अझै पनि हल सजाउने काम भइ नै राखेको थियो । हलभित्रको सजावटको काम पूरा भएपछि केन्द्रीय आधार इलाकीय ब्यूरोका इन्चार्ज कमरेड विप्लव रोष्टमम्मा उभिनुभयो र कार्यक्रम शुरु भएको औपचारिक घोषणा गर्नुभयो ।

हल खचाखच थियो । हामी सबै प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि अध्यक्ष कमरेड प्रचण्ड र डा. बाबुराम भट्टराईको आगमनको प्रतीक्षामा व्यग्र थियौं । चुन्वाङ्ग बैठकपूर्व पार्टीभित्र फुटको हल्लाको खेती गरेर आत्मरति गर्नेहरूलाई उक्त बैठकले मरणान्तक चोट प्रहार गरेको थियो । पार्टी फुटमा रम्न चाहने रवीन्द्र-अनुकूलहरू पार्टीभित्र भएको एकताले स्थनिएका थिए र भिङ्गाले डिंगा सरापेझैं पार्टीको सर्वोच्च नेतृत्व पंक्तिलाई नयाँ दिल्लीको कुनै गल्लीबाट सरापिरहेका थिए । १९ दिनको जनआन्दोलनले श्रृष्टि गरेको नयाँ राजनैतिक घटनाक्रम, त्यसको विकास प्रक्रिया र पार्टीको आगामी योजनाबारे जान्न हामी अत्यन्त उत्सुक थियौं ।

हाम्रो व्यग्रता धेरैबेर रहन पाएन । उद्घोषकले अतिथिहरूको आगमन हुन लागेको जानकारी गराउनुभयो । हामीले हलभित्रैबाट सुन्यौं- बाहिर जनमुक्ति सेनाले आङ्खनो सुप्रीम कमाण्डरलाई सलामी अर्पण गर्दै थियो ।

अत्यन्त प्रसन्न मुद्रामा अघिअघि अध्यक्ष क. प्रचण्ड र उहाँकै अनुगामी बनेर डा. बाबुराम भट्टराई हलभित्र प्रवेश गर्नुभयो । एक्काइसौं शताब्दीको विश्वक्रान्तिका नायकद्वयलाई हामीले हलभित्रै उभिएर स्वागत गर्यौं । तालीको गडगडाहटले हल धेरैबेरसम्म गुञ्जिरह्यो । अनि हामी सबैले गायौं, सर्वहारा मुक्तिको अन्तर्राष्ट्रिय गीत -

उठ जाग ए भोका नाङ्गा
जाग संसारका दुःखी
सुन्दर संसार निर्माण गर्न
न्यायको लागि गर्जी
बाँध्ने छैन परम्पराको साङ्लोले
जाग ए श्रमिक हो.......
........

करिब करिब डेढ दिन रिपोर्टिङ चल्यो । अनि २७ गते शुरु भयो- हामीले धेरै लामो समयदेखि प्रतीक्षा गरेको प्रशिक्षणको मुख्य पाटो । एकातिर हलभित्र महत्वपूर्ण प्रशिक्षण चल्दैथियो । अर्कोतिर मुलुकमा राजनीतिक घटनाक्रमहरू तीव्र गतिमा परिवर्तित र विकसित हुँदै थिए । र, हरेक परिवर्तित र विकसित नयाँ घटनाक्रमहरू अध्यक्ष क. प्रचण्डले हललाई जानकारी गराइराख्नुभएको थियो । त्यसै क्रममा २८ गते सरकारी वार्ता टोलीका संयोजक कृष्ण सिटौला सिकलेस आउन लागेको जानकारी अध्यक्षले हललाई गराउनुभयो । २८ गतेको प्रशिक्षण चल्दै थियो । हामी सबै दिउँसोको खाना खाएर हलमा प्रवेश गरिसकेका थियौं । उद्घोषक क. विप्लवले तीन घण्टाको लागि प्रशिक्षण स्थगन गरिएको जानकारी गराउनुभयो । तीनबजे नै हेलिकप्टर सिकलेस ओर्लने जानकारी थियो । हाम्रो जनमुक्ति सेना हेलीप्याडको संकेत बनाएर त्यसको सुरक्षार्थ तैनाथ थियो । तीन बजेर पन्ध्र मिनेट जाँदा हेलीकप्टर गुड्केको आवाज सुनियो । हामी सबै पंक्तिबद्ध भएर बाटोको दायाँ बायाँ उभियौं ।

कसैले हाम्रोतर्फका वार्ता टोलीका सदस्य देव गुरुङ पनि आउने गलत सूचना फैलाइदिएछ क्या र ! त्यस गुरुङबस्तीका सारा जनता आफ्ना घरका सबै काम छाडेर हामीसंग सामेल भएका थिए । एकजना बूढी गुरुङ्सेनी आमाले मलाई सोध्नुभयो-

'देव गुरुङ आउन्या रे, हो बाबु ?'

मलाई जानकारी थिएन । त्यसैले मैले अनभिज्ञता प्रकट गरें । ती आमैको अनुहार चाउरियो । अलि पर बाटोकै किनारामा



पाँच/सातवटी गुरुङ किशोरीहरू गुरुङ पहिरनमा हात हातमा फूलका मालाहरू लिएर उभिएका थिए । विद्यालयका छात्राहरू पनि विद्यालयकै युनिफर्ममा पंक्तिबद्ध भएर उभिएका थिए ।

आकाशमा पोखरातर्फबाट हेलीकप्टर गुड्केको आवाज सुनियो । हेर्दाहेर्दै हेलीकप्टर हेलीप्याडमा आएर उत्रियो । कृष्ण सिटौला, डा. शेखर कोइराला र हाम्रोतर्फका वार्ता टोलीका संयोजक कष्णबहादुर महरा बाहिर निस्कनुभयो । हातमा फूलमाला लिएर हामीसँगै उभिएका ती गुरुङ किशोरीहरूको एकछिन अघिसम्म प्रदीप्त बनेका अनुहारमा एकाएक त्यो प्रदीप्तता सेलाएको मैले प्रष्ट अनुमान गरें । कारण त्यहाँ देव गुरुङ आउनुभएको थिएन ।

अहो ! यो कस्तो जातीय प्रेम !

मैले त्यहाँ पुग्दा सुनेको थिएँ- त्यहाँ राजतन्त्रको मतियार बनेका डम्बरबहादुर गुरुङलाई हाम्रो पार्टीले कारवाही गरेको रहेछ । त्यसपछि त्यहाँका गुरुङहरूले हाम्रो पार्टीलाई निको मान्दैनन् रे । तर त्यसो होइन रहेछ । मैले त्यहाँ रहँदा बस्दा पाएँ-सिकलेसका गुरुङहरू माओवादीलाई धेरै माया गर्दारहेछन्, उनीहरू पनि आङ्खनो वर्ग चिन्दा रहेछन् । शुरुका दिनमा त अप्ठ्यारो लागेकै थियो । उनीहरू आङ्खनो भाषा बोल्ने, आङ्खनो जातिको मान्छेभन्दा अरुलाई घरभित्र छिर्न दिंदा रहेनछन् । एकदिन, दुईदिन, तीन दिन गरेर हाम्रो उनीहरूसंग चिनापर्ची बढ्दै गयो । शुरुका दिनमा त गाई, भैंसी बाँध्ने थारो, भुस पराल राख्ने टहरोमा कष्टपूर्ण रातहरू पनि बितायौं । चिया, खाजा पकाए भने पनि हामी बसेकै ठाउँमा ल्याइदिन्थे । गाई भैंसीको भकारोको सुगन्ध नाकले आस्वादन गर्दै चिया खाजा मर्काउँथ्यौं । गर्दागर्दै उनीहरूको घरभित्र छिर्ने अनुमति भयो अनि चुल्होमा आगो ताप्न पाउने भयौं । अनि त खाना पनि उनीहरूसँगै खाने आग्रह पो हुनथाल्यो । के भयो यो ? हामीले उनीहरूको मन जितेका हौं या उनीहरूले हाम्रो मन जिते ? मलाई लाग्छ- दुवै भयो । जब वर्ग मिल्छ तब तन मिल्छ, मन मिल्छ र सम्पूर्ण रूपले एकाकार हुन्छ अनि विपरित वर्गको विरुद्धमा एकताबद्ध संघर्ष हुन्छ । त्योबेला त्यही भयो । अलि हुनेखानेहरू कोही पोखरा, कोही नारायणघाट र कोही काठमाण्डौंमा ठूला ठूला व्यवसाय गरेर बस्ता रहेछन् । कमजोर आर्थिक स्थिति भएकाहरूको निम्ति भने त्यहीं कुँजिएर बस्नुको विकल्प थिएन । त्यसैले उनीहरूसंग हाम्रो वर्गीय एकता गाँसिनु स्वाभाविक थियो र गाँसियो पनि ।

हाम्रो सिकलेस बसाइँको समय छोटिइसकेको थियो । २९ गते बिहानदेखि शुरु भएको प्रतिक्रिया जनाउने क्रम दश बज्दा नबज्दै सिद्धियो र करिब एघाह्रबजेतिर हाम्रो २५ गतेदेखि शुरु भएको प्रशिक्षण कार्यक्रमको समापन भयो । खाना खाइसकेपछि अलिबेर आराम तथा आवश्यक भेटघाट सिध्याएर करिब तीनबजेतिर हामी झोला तथा पोका पन्तरा बोकेर ओह्रालो लाग्यौं ।

अलि तल छ सातजना गुरुङ युवा-युवतीहरू उकालो चढ्दैथिए ।

"कताबाट आउनुभयो ?"

यो कुलमानजीको प्रश्न थियो ।

"पोखराबाट ।"

एकजना युवकले निधारभरिको पसिना पुछ्दै जवाफ फर्काए ।

"हामी त तपाईंहरूको गाउँमा धेरै बसियो, अब लाग्यौं है ।"

बसन्तजीले थप्नुभयो ।

ती सबै यवा-युवतीहरूले बाटोको डिलमा उभिएर पसिना पुछे र सबैले हामीतर्फ हेरे ।

"फेरि फेरि आउँदै गर्नुस् है दाजु ।"

"आउँछौं, आउँछौं । तपाईंहरूको गाउँ त साह्रै रमाइलो लाग्यो ।"

मैले उनीहरूलाई आश्वस्त पार्न खोजें । वास्तवमा यो मेरो आश्वासनमात्रै थिएन । भित्रै दिलदेखिको चाहना थियो । सिकलेसंग मेरो गाढा पिरती बसिसकेको थियो । आङ्खनो इच्छाले हुन्थ्यो भने म सिकलेसंग छुट्टिन चाहन्नथें । मभित्र भावनाका छालहरू उर्लिरहेका थिए । म ती गुरुङ बस्तीका युवा-युवतीहरूका हातहरूलाई देश निर्माणमा लगाउन चाहन्थें । मलाई लागेको थियो- श्रम र रोजगारीका लागि शहर, राजधानी, अरब र मलेशिया धाउने, बृटिश, मलाया फौजमा भर्ती भएर साम्राज्यवादको स्वार्थको लागि लड्ने ती गुरुङहरूका हातहरूलाई एकै ठाउँमा जोड्न सके हो भने साँच्चै त्यहाँ ढुङ्गा पेलेर पनि तेल निकाल्न सकिन्छ ।

मन त चाहन्थ्यो-सँधै सिकलेसमै बसिरहूँ । त्यहाँका युवा-युवती, बालक-बृद्धसंग वर्गीय पिरती गाँसूँ र साम्यवादतर्फको यात्राको गोरेटोमा उनीहरूसँगै हातेमालो गर्दै अगाडि बढूँ । तर मेरो काम र जिम्मेवारी अन्यत्रै भएकोले मैले सिकलेससंग छुट्टिनै पर्ने थियो । बसन्तजी र कुलमानजी पनि मगर राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय समितिको बैठक बस्न पाल्पा पुग्नुपर्ने थियो । त्यसैले हामी ती युवा-युवतीहरूसंग हाम्रा दरिला हातहरू मिलायौं र फेरि भेट्ने वाचा गर्दै छुट्टियौं ।

केही तल झरिसकेपछि फेरि डोकामा घाँस बोकेर केही महिला पुरुषहरू उकालो चढ्दै थिए ।

"आबु गयु भाइ ?"

एउटी दिदीले प्रश्न गरिन् ।

"अँ, फेरि फेरि आउँदै गरौंला है दिदी ।"

कुलमानजीले भन्नुभयो

"आया बुनि क्यार्ना र छाडिर गैजान्या रैची ब ।"

अर्की दिदीले छुट्टिनुपर्दाको भित्रैदेखिको दुखेसो प्रकट गरिन् ।

कति छिट्टै हाम्रो गाढा नाता बसिसकेछ । छुट्टिनै गाह्रो हुने । हामीले उनीहरूलाई पनि अभिवादन गर्यौं र भारि मनका साथ कदम अगाडि बढायौं ।

हामी पोखरा आइपुग्दा रातको दश बजिसकेको थियो । साथीहरूले खाने सुत्ने व्यवस्था मिलाइसकेका रहेछन् । थकाइ बेस्सरी नै लागेको थियो । त्यसैले खाना खाएर सुतिहाल्यौं । बिहान कुलमानजी र बसन्तजी पाल्पातिर लाग्नुभयो । क्षितिज सांस्कृतिक परिवारका कलाकारहरू महेश र विप्लवसंग भेट भयो । हामी बसपार्कतिर लाग्यौं । त्यहीं रेडियो गणतन्त्रका गेमि रोका र स्वास्थ्य विभागका लालसंग भेट भयो । रोल्पाका अन्य साथीहरू पनि त्यहाँ भएकोले साथै जाने सल्लाह भयो । रोल्पा जिल्लाका सेक्रेटरी क. कमल र जिल्ला कमिटीका अन्य सदस्यहरूसहित हामीले घोराहीको टिकट लियौं । गाडी साढे चारबजे छुट्यो । मैले गाडी भित्रैबाट एकपल्ट सिकलेसलाई नियाल्न खोजें । सिकलेसलाई अग्लो डाँडाले छेकेको थियो । हामीसंगको बिछोडमा अन्नपूर्णले पनि कुहिरोको घुम्टोले अनुहार छोपेर अविरल अश्रुधार बगाउँदै थियो र त्यही आँसु मादी बनेर पहरामा ठोक्किँदै त..ल त...ल बगिरहेको थियो । फेरि छिट्टै भेट्न आउने वाचासहित मैले सिकलेस र अन्नपूर्णलाई अन्तिम अभिवादन टक्र्याएँ । गाडी वेगले अगाडि कुद्यो । म तन्द्राबाट ब्युँझिंदा हामीले मादीको पुल पार गरिसकेका थियौं ।

## ओली–दाहालको...

तीब्रताका साथ लैजाने महान् जिम्मेवारी पूरा गर्नै पर्ने भएको छ । र यो महान् बहसमा नेपालका अन्य क्रान्तिकारी बुद्धिजीवीहरू, लेखकहरू तथा पार्टीका नेता र कार्यकर्ताहरूको सहभागिताको पनि त्यत्तिकै आवश्यकता पर्छ ।

***माओको महान् बहस र क्रान्तिकारी माओवादीले उठाएको विचार सङ्घर्षमा कत्तिको तादात्म्यता पाउनु हुन्छ ?***

मूल प्रश्न क्रान्तिकारी सिद्धान्त, विचार, राजनीति र कार्यदिशाका हो । माओको महान बहसमा माओले उठाएका क्रानितकारी विचार, राजनीति, सिद्धान्त र कार्यदिशाका अधारमा नै अहिले नेकपा(क्रान्तिकारी माओवादी)ले प्रचण्ड र ओलीको बीचको पार्टी एकताबारे आफ्नो दृष्टिकोण सार्वजनिक गरेको छ । समयको हिसाव र पार्टीको आत्मगत तथा वस्तुगत अवस्थालाई हेर्दा क्रान्तिकारी माओवादीले उठाएको विचार सङ्घर्षमा राष्ट्रियस्तरमा पहलकदमीको आवश्यकता देखिएको छ । साथै वर्तमानमा देखिएको संशोधनवादी हावाहुरीका विरुद्ध नेपालमा पनि महान् बहसलाई नेतृत्वगर्ने हैसियत यदि कसैसित छ भने वर्तमानमा केबल नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव क. मोहनवैद्य 'किरण' सित मात्रै छ । के आवश्यक छ भने उक्त सैद्धान्तिक, वैचारिक, राजनीतिक तथा कार्यदिशामा हुने बहसलाई बलियो जग प्रदान गर्न पार्टीको सामरिक कयैदिशालाई पनि उत्तिकै माथि उठाउनका लागि पहलकदमीको आवश्यकता छ । त्यसो भएमा माओको महान् बहस र क्रान्तिकारी माओवादीले उठाएको विचार सङ्घर्षमा तादात्म्यता पाउन सकिने छ ।

फेरि ख्रुश्चेभी नवसंशोधनवादको प्रभाव उक्त समयको सुरु अवधिमा राष्ट्रिय र अन्तर ष्ट्रिय रूपमा जति बलियो देखिएको थियो, माओको त्यसका विरुद्धको महान् बहसले त्यसलाई ध्वस्त बनाउन सफल भएको थियो भने नेपालमा वर्तमानको ओली-प्रचण्डको प्रभाव त्यस हिसाबले त्यति बलियो छैन । तै पनि क्रान्तिकारीहरूले त्यसका विरुद्धको विचार सङ्घर्षको झण्डालाई माथि उठाउने महान् जिम्मेवारी लिन ढिला गर्नु हुँदैन । उनीहरू मात्रै कमजोर नभई क्रान्तिकारीहरूको पनि अवस्था त्यति बलियो छैन जति बेला माओको नेतृत्व थियो । माओले भनेको-"सबै साम्राज्यवादीहरू आखिरमा कागजी बाघ हुन् ।" उहाँको यो भनाइ वर्तमानमा प्रचण्ड-ओलीवारे पनि सत्य हो ।

***महान् बहसको समय र अहिलेको समयबीच आत्मगत र वस्तुगत दुवै हिसाबले कत्तिको अन्तर छ ?***

सन् १९६३ को महान् बहसको समय र आजको समयको आत्मगत र वस्तुगत दुवै हिसाबले काफी अन्तर छ । आजभन्दा करिब ५ दशक पहिले माओको नेतृत्वमा चीनको कम्युनिस्ट पार्टीले ख्रुश्चोभको नवसंशोधनवादका विरुद्ध सैद्धान्तिक सङ्घर्ष चलाएको थियो । अब ती देशहरूमा मार्क्सवादी-लेनिनवादीको अस्तित्व समाप्त भएको छ । र त्यहाँ समाजवादी व्यवस्थाको पतन भइसकेको छ । त्यसबाट शिक्षा लिंदै प्रथम, कुनै समाजवादी देशमा सर्वहारावर्गको अधिनायकत्व कमजोर वा समाप्त भयो भने त्यहाँ समाजवादी व्यवस्थाको अस्तित्व कायम रहन सक्दैन । द्वितीय, कुनै देशमा मार्क्सवादी-लेनिनवादी पार्टीको निर्माण गर्न क्रान्तिकारी आन्दोलनलाई सफल पार्न अवसरवादी विचार र भड्कावहरूका विरुद्ध सम्झौताहीन र लगातार सङ्घर्षले निर्णयात्मक महत्व राख्छ । माओको नेतृत्वमा चीनको कम्युनिस्ट पार्टीले सोभियत संशोधनवादका विरुद्ध गरेको सङ्घर्ष सिद्धान्तको सङ्घर्ष थियो र त्यसको सम्वन्ध सर्वहारावर्ग र विश्व समाजवादी व्यवस्थाका महानतम् हितहरूसित थियो । अहिले नेपालमा पनि मोहनवैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वमा प्रचण्ड-ओली नवसंशोधनवादका विरुद्ध गरेको सङ्घर्ष पनि सिद्धान्तकै सङ्घर्ष हो र यसको समवन्ध पनि सर्वहारा र विश्वसमाजवादी व्यवस्थाको महानतम् हितहरूसित सम्बन्धित छ ।

***के गरिएमा नेपाली ख्रुश्चेभी नवसंशोधनवादको अन्त्य होला ?***

१४ नोभेम्वर १९६४को "हुङ्छी-रातोझण्डा"को सम्पादकीय (अङ्क २१ र २२) मा ख्रुश्चोभको पतन किन भयो ? भन्ने शीर्षकमा लेखिएका निम्न वाक्यहरूले यो प्रश्नलाई स्पष्ट पार्न मद्दत गर्ने छन्, जसमा लेखिएको छ-

"जनसमुदायले ख्रुश्चेभका विरुद्ध यो पतनका लागि सयकडौं र हजारौसम्म अभियोग लगाएका छन् । तर पतनको सबैभन्दा मुख्य कारण के हो भने उनले मार्क्सवादी-लेनिनवादीद्वारा अनुसन्धान गरिएको ऐतिहासिक विकासको नियम तथा सोभियत सङ्घका जनतालगायत संसारभरिका क्रान्तिकारी जनताको इच्छाको विपरीत इतिहासको पाङ्ग्रोलाई पछाडि फर्काउन र गति अवरुद्ध पार्नका लागि व्यर्थ प्रयत्न गरे । जनताको मार्गमा खडा भएको अवरोध अवश्य हटाइनु पर्छ । उनी र उनीजस्ता व्यक्तिहरूले चाहुन् वा नचाहुन् , जनता अवश्य ख्रुश्चोभलाई बर्खास्त गर्न तयार भए ।

ख्रुश्चोभको पतन सोभियत सङ्घका जनतालगायत् संसारभरिका क्रान्तिकारी जनताले चलाएको संशोधनवादका विरुद्धको सङ्घर्षको अपरिहार्य परिणाम हो ।" त्यसमा थप जोडदिंदै भनिएको छ- "हाम्रो युग त्यो युग हो, जसमा पुँजीवाद र साम्राज्यवाद आफ्नो विनासको बाटोतिर ओरालो लाग्दै गइरहेका छन् तथा समाजवाद र साम्यवाद विजयेम्मुख दिशामा अग्रसर भइरहेका छन् । यो युगले सम्बन्धित मुलुकको ठोस परिस्थितिको प्रकाशमा जनतामा आफ्नै प्रयत्न र पाइला-पाइलामा सर्वहारा विश्व क्रान्ति सम्पन्न गर्ने तथा साम्राज्यवादविहीन, पुँजीवादविहीन, मानिसद्वारा मानिसको शोषणविहीन नयाँ विश्व स्थापना गर्ने ऐतिहासिक कार्यभार सुम्पेको छ । यो एतिहासिक विकासको रोक्नै नसकिने धारा हो र विश्वका क्रान्तिकारी जनताको साझा माग हो ।"

ख्रुश्चोभले इतिहासका अवसरवादीहरू र संशोधनवादीहरूका सवै मार्क्सवादविरोधी विचारहरू जम्मा गरे र तीसँग "शान्तिपूर्ण सह-अस्तित्व", "शान्तिपूर्ण प्रतिस्पर्धा" र "शान्तिपूर्ण सङ्क्रमण", "सम्पूर्ण जनताको राज्य" र "सम्पूर्ण जनताको पार्टी"समेत संशोधनवादी कार्यदिशाको पूर्ण झण्डा बोके । उनले साम्राजयवादप्रति आत्मसमर्पणको दिशा पत्रे तथा जनताका क्रान्तिकारी सङ्घर्षहरूलाई विरोध गरे र तिनलाई भड्काउनका लागि वर्ग-समन्वयको सिद्धान्त प्रयोग गरे ।

इतिहास साक्षी छ, जसले ऐतिहासिक धारालाई पछाडि फर्काउने सुन्दर सपना देख्छन्, ती सबै गद्दारहरूको अन्त कलङ्कपूर्ण नै भएको छ । थुप्रै उदाहरणहरूले के देखाएका छन् भने सामाजिक विकास र जनताको चाहनाविपरीत चल्ने र नराम्रो कामगर्ने व्यक्ति जतिसुकै वीर होस वा घमण्डी किन नहोस, खाली निन्दा र उपहासको पात्र बनेर रहन्छ । अरुलाई क्षति पुऱ्याउने उद्देश्यले काम सुरु गर्नेको अन्त्य स्वयम् उसको सर्वनाश बाटै हुन्छ । ती व्यक्तिहरूमाथि लागु हुने यही एउटा नियम हो ।

पहिलो अन्तर्राष्ट्रियको क्रममा बाकुनिनजस्ता "महानुभाव"आफ्नो समयका मार्क्सवादविरोधी उद्दण्ड 'वीर' थिए, तर इतिहासको रद्दीको टोकरीमा फ्याँकिन उनलाई बेर लागेन । दोस्रो अन्तर्राष्ट्रियको कालमा बर्न्सटिन र काउत्स्कीजस्ता मार्क्सवादविरोधी 'वीरहरू'लाई भयङ्कर ' शक्तिमान' ठानिन्थ्यो । उनीहरू नेतृत्वदायी स्थितिमा पुग्न सफल भएका थिए, तर अन्त्यमा इतिहासले उनीहरूलाई बदनाम गद्दार भनेर उल्लेख गऱ्यो । लेनिनको मृत्युपछि विरोधी गुटका प्रमुख नेता ट्राटस्कीले स्वयम्लाई ' वीर'का रूपमा मान्दथे तर तथ्यले "उनी वीर हुनुको साटो एकजना अभिनेताजस्तो लाग्दथे तथा जुनसुकै परिस्थितिमा पनि अभिनेतालाई वीर ठान्ने भूल गर्नुहुँदैन"भन्ने स्तालिनको भनाइलाई पुष्टि गर्दछ । त्यसैगरी नेपालमा अहिले चलाइएको संशोधनवादी होहल्लाको पनि अनत्य निश्चित छ । अहिले नेपालमा पनि स्वयम्लाई 'वीर'का रूपमा मान्ने प्रचण्ड-ओलीहरूको अन्त्य पनि माथि उल्लेखित मार्क्सवाद विरोधीहरूका भन्दा बदनाम भएर जाने निश्चित प्रायः छ ।

## सीमा विवादको...

ओर्लिएपछि बल्ल 'मैले सीमा विवादसम्बन्धी कुरा उठाएको छु' भन्छन् । नेपालका प्रधानमन्त्रीहरूलाई सीमसम्बन्धी कुरा उठाउँदा भारत रिसाउँछ कि भनेर डराउने प्रवृत्तिले काम गरेको देखिन्छ । तर, यथार्थमा त भारतले सीमा मिचेकै छ नि । किन डराउनु ? सार्वभौमसत्ता सम्पन्न राष्ट्रहरूका बीचमा आफ्ना समकक्षीहरूसँग भेटगर्दा आफ्ना कुरा खुलस्त राख्न किन नसक्ने ? यदि प्रत्यक्ष राख्न सकिन्न भने 'नेपालका जनताले भारत आउनुअघि डुबानको पीडाले हामीहरू अत्यन्तै पीडित छौं, तपाईंले आफ्नो भारतीय समकक्षी प्रधानमन्त्रीलाई यो कुरा पुऱ्याइदिनुहोस् भनेका छन्' भनेर भन्न सम्म त सक्नु पर्दछ । देश र जनताका सन्देशबाहक पनि त हुन् प्रधानमन्त्री भनेका ।

अब वर्षा लाग्न लागि सक्यो नेपालको अधिकांश तराई क्षेत्र डुबानमा पर्छ । डुबान पर्नेमध्ये सबैभन्दा बढी डुबानमा पर्ने सप्तरीको तिलाठी क्षेत्र हो । तिलाठीमा नेपालबाट बगेर जाने खाँडो नदीको प्राकृतिक बहावलाई छेकेर भारतले उच्च बाँध निर्माण गरेको छ । भारतको कुनौलीलाई ठूलो क्षति पुऱ्यायो भनेर भारतले एकपक्षीय रूपमा यो बाँध निर्माण गरेको छ । यो बाँधले नेपाल तर्फको दशगजा पनि छोएको छ । यसले तिलाठी, मलानिया र सकरपुर गाउँपालिका पूरै डुबानमा पार्छ ।

तिलाठीका देव नारायण यादवले यस कुरालाई बारम्बार उठाउने गरिराखेका छन् । र, भारतीय पक्षले उनलाई प्रताडित गर्ने पनि गरिरहेको छ । अनेकौं दुःख दिने क्रममा पोहर साल देवनारायण यादवलाई उनकै घरबाट गिरफ्तार गरेर भारतको एसएसबीले भारतीय जेलमा हाल्यो । उसले के आरोप लगायो भने देवनारायण यादवले एक भारतीय महिलालाई उनको घरमा भगाएर ल्याएका छन् । ती महिला अरु कोही नभएर देवनारायण यादवकी बुहारी हुन् । ती भर्खरै विवाह गरेर घरमा भित्र्याइएकी थिइन् । ती बुहारी आफै गएर म आफूखुशी बिबाह गरेर घर गएकी बुहारी हुँ, उहाँ मेरो ससुरा हुनुहुन्छ, नचाहिने आरोप किन लगाएको भनेर भारतीय अदालत तथा अधिकारीहरूसमक्ष औला उठाएर कुरा गरेपछि उनलाई दुईदिनपछि मात्र छोडियो ।

सीमा क्षेत्रमा बस्ने नेपाली जनताहरू अनाहकमा भारतीय पक्षले दुःख दिने कारणले गर्दा आफूमाथि परेको अन्याय अत्याचारको विरुद्धमा मुख खोल्दैनन् । केही थोरै मानिसहरू जस्तो गोपाल गुरुङ, लैला बेगम, आदम खाँ र रोज अलिमिया जस्ता निडर मानिसहरू सीमा अतिक्रमणको विरुद्धमा अगाडि सरेर बोल्ने गरेका छन् । भारतीय अधिकारीहरूले नेपालको भूमीको बारेमा आवाज उठाउने ती व्यक्तिहरूलाई 'तिमीहरू भारतीय नागरिक हुँ भन' तिमीहरूलाई जग्गा पनि प्रदान गरिने छ र अरु सेवा सुविधाहरू पनि दिइने छ । राशन कार्डको व्यवस्था पनि गरिने छ भनी बारम्बार फकाउने पनि गरिरहन्छन् । तर यिनीहरूले हामी नेपाली नागरिक नै हौं भन्ने गर्छन् । भारतले यातना दिने र फकाउने साम, दाम, दण्ड र भेदको नीति सीमानामा बसेका नेपालीहरूमाथि लागू गर्ने गरिरहेको छ । तर नेपाल सरकारको तर्फबाट केही पहल पनि गरिएको छैन । सीमा रक्षाको लागि राखिएका नेपाली सुरक्षाकर्मीहरू या महेन्द्र राजमार्गको वरिपरि छन् या जिल्ला सदरमुकामहरूमा । उनीहरू नेपालतर्फको सीमामा गएर मुकाम खडा गरेर बस्न सकिरहेका छैनन् ।

त्यसैले सीमा सुरक्षाका लागि एक मात्र भरपर्दो शक्ति भनेको स्थानीय जनता नै हुन् । स्थानीय जनता उठी बसे भने सीमा मिचिदैन र सीमाको रक्षा हुन्छ । तर यो कुरालाई प्रधानमन्त्री, मन्त्री, उच्च सुरक्षा निकायले बोध गर्नु पर्दछ । मिचिएका जति छन् ती सबैलाई पुनरावलोकन गरेर यथासक्य चाँडो सीमा समस्या समाधान गरिनु पर्दछ ।

*क्रमशः...*

## ललितपुरको...

सदस्यीय जिल्ला कमिटी निर्वाचित गरेको छ ।

अधिवेशनको उद्घाटन पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले गर्नुभएको थियो । पार्टीका ललितपुर इन्चार्ज जीवनले अध्यक्षता गरेको उक्त कार्यक्रममा पार्टी पिविएम तथा ३ नं. सचिव सागर, केसहरू गुराँस, प्रविण, रणजीत, उज्वल, उदय, सरुलगायतको उपस्थिति रहेको थियो ।

पार्टी कार्यालय कुपण्डोलमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन दिपकले गर्नुभएको थियो भने सञ्चालन केशवले गर्नुभएको थियो ।

बन्दसत्रमा भने पिविएम सागरको विशेष उपस्थिति रहेको थियो भने तीन जनताको रामबहादुर तमुको अध्यक्षतामा अध्यक्ष मण्डल बनाई केस कगेन्द्रले सञ्चालन गर्नुभएको थियो । बन्द सत्रमा दिपकले प्रस्तुत गरेको प्रतिवेदन तीनवटा समूह बनाएर छलफल गरी पारित गरिएको थियो । प्रतिवेदनमा समूहको छलफलमा उठेका विषयहरू समूह नेताहरू इन्दिरा अधिकारी, अर्जुनलाल श्रेष्ठ र जगदीश महर्जनले प्रस्तुत गर्नुभएको थियो । नव निर्वाचित कमिटीलाई बधाई ज्ञापन गर्दै पार्टी पिविएम सागरले प्रशिक्षणात्मक मन्तव्य राख्नुभएको थियो ।

## बर्दियाको...

शुरू गरेपछि कार्यक्रममा सहभागिताहरूले भारतीय दलालहरू होसियार, निकम्मा सरकार मुर्दावाद भन्दै चर्को नाराबाजी गरेका थिए ।

पार्टीका केन्द्रीय सदस्य तथा बाँके बर्दिया ईन्चार्ज सङ्कुलले देशका दलालहरूको कानुन संविधान जनताको र राष्ट्रिय हितमा नभएको भन्दै आफुहरू जनवादी ब्यवस्थाको तयारीमा जुटिरहेकाले जनताको पक्षमा आन्दोलन गर्न कसैको अनुमति लिन आवश्यक नभएको तर्क गरेँ ।

सेक्रेटरी लोकेशले भारतीय विस्तारवादी नीतिको अन्त्य तथा सबै असमान, राष्ट्रघाती सन्धिसम्झौता खारेज नगरेमा अब जनता राज्यलाई पुकारेर बस्ने स्थितिमा नभएको भन्दै राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा पार्टीले आन्दोलन गर्ने चेतावनी दिए ।

उक्त विरोध कार्यक्रममा बाँके जिल्ला सेक्रेटरी अर्जुन, जिल्ला सदस्य प्रेम थापा, सुमसुद्दीन सल्मानी, कर्ण बिक, बिरेन्द्र शाही, पून्न सिंह, भुल्लन केवट लगायतका नेताहरू समेत सहभागी रहेका थिए ।

अनुगमनबाट सीमाक्षेत्रमा भारतीय पक्षका सुरक्षाकर्मीले एकाधिकार प्रयोग गरेको, नेपालको सुरक्षा निकायको सीमानामा अत्यन्त न्यून उपस्थिति रहेको, भारतीय पक्षबाट सीमाक्षेत्रका कृषकहरू आफ्नै घरमा असुरक्षित, आतंकित बन्नु परेको, विभिन्न स्थानमा भूमि अतिक्रमण गरिएको, खुल्ला रूपमा भारतीय एसएसपीहरू सीमाक्षेत्रका नेपाली बस्तीहरूमा आएर तर्साउने गरेको रिपोर्ट खुल्न आएको क्रान्तिकारी माओवादी बर्दियाले जनाएको छ ।

क्रान्तिकारी माओवादी बर्दियाका अनुसार सीमाक्षेत्रमा पर्ने बढैयाताल गाउपालिका अन्तर्गत फुटाहाका एक स्थानियबासीले अनुगमनका क्रममा भारतीय दादागिरिको विरूद्धमा राज्य मौन बसेको भन्दै आक्रोश व्यक्त गरे ।

उनले सीमाक्षेत्रका जनतालाई नेपालका नेताहरूले भोटको लागि मात्र प्रयोग गर्ने गरेको दुखेसो पोखे, उनले त्यहाँका नेपालीलाई राज्यले भारतीय बनाउन खोजेको आरोप समेत लगाए ।

उक्त क्षेत्रको पिलर नम्बर ४२ नजिकै वि.स. २०६७ साल फागुन ५ गते भारतीय प्रहरीहरू हतियारसहित नेपालमा प्रवेश गरेर स्थानीय हर्कबहादुर शाहीलाई गोली हानी नियन्त्रणमा लिएका थिए । परिवार श्रोतका अनुसार उनी अहिलेसम्म बेपत्ता छन् ।

त्यसैगरी, केहि बर्ष पहिले भारतीय एसएसबीहरूले माओवादीहरूलाई गाउँमा राखेको भन्दै स्थानीय बजारमा दिनदहाडै आगजनी र आतंक मच्चाएका थिए ।

अहिले पनि पिलर नम्बर ४०, ४१, ४२, ४३, ४४, ४५, ४६, त्यसैगरी पिलर नम्बर ५५, ५६, ५७, त्यस्तै ६२, ६४ लगायतका क्षेत्रमा भारतीय पक्षबाट सीमा अतिक्रमणको प्रयास भैरहेको छ ।

सीमाक्षेत्रका नेपालीहरू भारतीय प्रहरीका कारण दिनानुदिन असुरक्षित बन्दै गएका छन् । तर त्यहाँ राज्यको उपस्थिति भने देखिँदैन ।

## दाङको...

सेक्रेटरी समेत रहेका के.वि.गुरुङले आठ वटा मैनबत्ती बालेर उद्घाटन गर्नुभएको थियो । उद्घाटन मन्तव्यका क्रममा गुरुङले भने-'जनवादी क्रान्ति पूरा भयो भन्दै समाजवादी क्रान्तिका लागि समृद्ध नेपाल सुखी नेपाली भनेर नारा दिने वर्तमान सरकारले झुठा नारा दिएर जनतालाई गुम्राहमा पारेको छ । यस कुरालाई सरकारकै विनियोजित बजेट र उसको तथ्याङका आधारमा खण्डन गर्दै जनतालाई सचेत बनाउनु पर्छ ।' उहाँले क्रान्ति पूरा भएको भनेर कथित नेकपा र पूर्व माओवादीकेन्द्रले सिद्धान्त विचार परित्याग गरेर दलाल नोकरशाही पुँजीवादी संसदीय व्यवस्था स्वीकार गरेकोले यो सच्चा कम्युनिष्ट हुनै नसक्ने भन्दै त्यसका लागि 'हामीले पनि विचार क्रान्तिकारी र मालेमावादी लिएर मात्रै हुँदैन त्यसका लागि विचार अनुरूपको कुशल व्यवहार गर्न कार्यकर्ताहरू सक्षम हुनु पर्छ' भन्नुभयो । पार्टीले अहिले मालेमावादको मार्गदर्शक सिद्धान्तका आधारमा पोखरा सम्मेलनबाट विद्रोहको कार्यदिशा तय गरेको बताउँदै त्यसका लागि तलैसम्म चुस्त र जुझारु सङ्गठन निर्माण गर्न नवनिर्वाचित जिल्ला कार्यसमितलाई निर्देशन दिनुभयो ।

सम्मेलनलाई पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज हिरामणि दुःखीले पनि शुभकामना मन्तव्य दिनुभएको थियो । मन्तव्यका क्रममा दुःखीले भन्नुभयो-'नेपालमा जोसुकैले जे भने पनि जनवादी क्रान्ति पूरा भएको छैन र क्रान्तिको बाँकी कार्यभार पूरा गर्न सबैले फेरि एकचोटी प्रतिक्रियावादी सत्ताका विरुद्ध धावा बोल्न तयार रहनु पर्छ ।' उहाँले अगाडि भन्नुभयो-'जनयुद्ध प्रत्याक्रमणको चरणमा पुगेकै बेला प्रचण्ड बाबुराम र बादल मण्डलीले त्यसलाई डाइभर्सन गरी सचेततापूर्वक संसदीय व्यवस्थामा ल्याएर चोवलेको र आज जनयुद्धकै औचित्य माथि प्रश्न उठ्ने गरी विसर्जनमा पुऱ्याएर उनीहरू एमालेको विचार सिद्धान्त र कार्यदिशा स्वीकार्दै पतन भएका छन् ।'

अधिवेशनलाई पार्टीका प्रदेश सदस्यहरू सागर, अजय, बज्र, रामप्रसाद, शिशिर र देजमोका केन्द्रीय सदस्य यमबहादुर शाह, किसान संगठनका केन्द्रीय सदस्य नन्दराम रोका, महिलाका केन्द्रीय सदस्य सुशीला आचार्य, दलितका केस तिलक विक, मगर मोर्चाका केस निमबहादुर जिएम, शिक्षक केस ईश्वरीप्रसाद पाण्डे लगायतले अधिवेशन सफलताको शुभकामना मन्तव्य दिनुभएको थियो ।

अधिवेशनले रामजी थारुलाई सेक्रेटरीमा चयन गर्दै एक पूर्ण र तीन वैकल्पिक सदस्य खाली राख्दै तीन वैकल्पिक र अठार जना पूर्ण सदस्य रहेको पच्चीस सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । अन्य सदस्यहरूमा क्रमशः मुक्ति, पारस, परिवर्तन, राप्ती, मदन, नविन, टीकाराम, वादल, उज्ज्वल, समीक्षा, विज्ञान, चन्दन, विक्रम, शक्ति, मिलन, मुकेश, वाशुदेव, किसान, सिमाना र विकास रहनु भएको छ । भेलापछि समितिका जेष्ठ सदस्य टीकारामको अध्यक्षतामा बसेको सङ्क्षिप्त बैठकले रामजी थारुलाई सेक्रेटरीमा चयन गरेको छ भने रामजीको नेतृत्वमा मुक्ति, पारस, परिवर्तन, राप्ती, मदन, नविन र टीकाराम रहेको आठ सदस्सीय सचिवालय गठन गरिएको छ ।

उक्त अधिवेशनको वन्द शत्रका क्रममा आयोजकका तर्फबाट क.सागरद्वारा तयार पारिएको सङ्गठनात्मक प्रतिवेदन र क.पारसद्वारा तयार पारिएको आर्थिक प्रतिवेदन पारित गरेको थियो । अधिवेशनले समसामयिक प्रस्तावका रूपमा निम्नअनुसारका प्रस्ताव पारित गरेको छ ।

१. पार्टी तथा देजमोका जिल्ला सदस्य क.पद्मप्रसाद अधिकारीको जीवनसङ्गिनी पार्वता अधिकारीको ५९ वर्षको उमेरमा यही जेठ २२ गते भएको निधनले पार्टी स्तब्ध र दुःखी भएको छ । यस दुःखद घडिमा मृतक पार्वताप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।

२. उत्तर कोरिया, क्युवा, इरानलगायतका मुलुकहरूमा अन्यायपूर्ण रूपमा लगाइएको अमेरिकी साम्राज्यवादको आर्थिक नाकावन्दी, विना शर्त अन्त्य गरियोस् ।

३. अमेरिकी साम्राज्यवादद्वारा सिरीयामा प्रतिविद्रोहलाई उक्साउने र त्यहाँ अराजकता मच्चाई अशान्ती बढाउने कार्य, एवम् प्यालेष्टिनी राष्ट्रको जातिवादी फासिवादी इजरायलको अतिक्रमणलाई सघाउने कार्य तत्काल बन्द गरियोस् र प्यालेष्टिनी जनताको आत्मनिर्णयको अधिकारको पूर्ण सम्मान गरियोस् ।

४. संसारका विभिन्न मुलुकहरूमा अमेरिकी साम्राज्यवादद्वारा खडा गरिएका सैन्य वेसक्याम्पहरू तत्काल बन्द गरी सेना फिर्ता बोलाइयोस् ।

५. भारतीय विस्तारवादी शाषकद्वारा नेपाल र नेपाली जनतामाथि जनहित विपरित थोपरिएको सन १९५० को असमान सन्धी, कोशी, गण्डक, महाकाली, अपर कर्णाली, अरूण तेस्रो र विप्पा सम्झौता लगायतका सबै असमान सन्धी सम्झौताहरू खारेज गरी, पारस्परिक समानताका आधारमा नयाँ सन्धी सम्झौताहरू गरियोस् ।

६. पुरानो वासी एवम् प्रतिक्रियावादी संसदीय व्यवस्था कायम गर्ने जनविरोधी संविधान खारेज गरियोस् ।

७. जनजिविकाका खाद्य, स्वास्थ्य, शिक्षा, आवास, सुरक्षा, रोजगार र यातायात सुविधाको सुनिश्चितता गरियोस् ।


८. महिला, वालवालिका र उत्पीडित जातजातिमाथि गरिने सबै प्रकारका मानवता विरोधी भेदभाव, दूव्यवहार र अपमानित गर्ने जोकोहीलाई पनि कडा भन्दा कडा कारवाही गरियोस् र महिला तथा वालवालिका बेचबिखन तुरुन्त रोकियोस् ।

९. देशमा अस्वाभाविक रूपमा वढाइएको मूल्य वृद्धि तत्काल रोकि मूल्य घटाई सर्वसुलभ उपलब्ध गराइयोस् र काला बजारियाहरूलाई कडा कारवाही गरियोस् ।

१०. वेराजगार युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गरी दिनहुँ हजारौंको सङ्ख्यामा भइरहेको युवाहरूको विदेश पलायन तत्काल रोकियोस् ।

११. महान् जनयुद्धका वेपत्ता योद्धाहरूको तत्काल यथार्थता सार्वजनिक गरियोस्, तिनका परिवार, घाइते अपाङ्ग योद्धाहरू र सहिद परिवारहरूको सम्पूर्ण जीविकाको व्यवस्था राज्यद्वारा गरियोस् र अपहेलित र कथित अयोग्य जनमुक्ति सेनाहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था गरियोस्, जनयुद्धका क्रममा जागिरबाट अवकास गरिएका र गर्न लगाइएका सेना प्रहरीहरूलाई उचित क्षेतिपूर्तिको व्यवस्था गरियोस् ।

१२. दाङलगायत देशका विभिन्न भागमा मानव वस्ती नजिक स्थापना गरिएका सिमेन्ट उद्योग तथा प्रदुषणयुक्त सबै कलकारखानाहरू स्थानान्तरण गरियोस् र ती उद्योगहरूमा नेपाली कामदार र कर्मचारीहरूलाई प्राथमिकता दिई समान व्यवहार गरियोस् ।



दुर्वाच्य

रामचन्द्र हुमागाई



## महिला: अधिकार र बलात्कार

अति भएपछि खति हुन्छ, भन्ने उखान धेरै पुरानो हो । यो भनाइ नेपाली महिलाहरूमा छिटै लागू होलाजस्तो छ । नेपाली महिलाले आफूखासी पोसाक लागाएर हिंड्न थालेको त्यही दशवर्ष जति भयो होला । जुन नेपाली समाजले बिकृतिको रूपमा लिएको छ । महिला नेपालमा मात्रै होइनन्, विश्वका सानाठूला सबै देशमा महिला छन् तर उनीहरू आफ्नै परम्परागत पोशाक मनपराउँछन् । आफ्नो परापूर्वकालको पोशाक लगाएर हिड्न मनपराउँछन् । पंक्तिकारले यो भन्दा पनि अगाडि लेखिसकेको थियो, जापानको यात्रामा विमानस्थलबाट सहरतिर प्रस्थान गर्ने क्रममा रेलमा एकजना नेपाली महिला थिइन् र उनले साडी लगाएकी थिइन् । त्यो साडीलाई जापानी महिलाले गरेको प्रशंसा सुन्न लायक थियो तर हाम्रा नेपाली महिलाले त्यो साडीलाई बजारमै फालिदिए, अहिले काठमाडौंको सडकमा पनि साडी लगाएर हिंडेका महिलाहरू देख्न मुस्किलले पाइन्छ ।

ठिकै छ, पोशाक झन्झटिलो भयो, कुर्ता सुरुवाल र प्यान्टमा हिजोआज हिडेका महिला प्रशस्तै भेटिन्छन् । महिलाको सम्पत्ती चेष्ट पनि खुला वजारको सुन्तला झैं छोप्न पनि छाडिसके । यो उनीहरूको स्वतन्त्रता हो, हामी पुरुषहरू भन्न र गर्न केही सक्तैनौं, गर्ने कुरा पनि भएन । महिलाहरू अहिले निकै स्वतन्त्र छन् । सरकारी तथ्याँकले नै बताइसकेको छ, दक्षिण एसियामा महिला सबभन्दा बढी स्वतन्त्र रहेको देश नेपाल हो । शिक्षामा अगाडि छन्, निजामती सेवामा अगाडि छन्, स्वास्थ्यमा महिलाको नै बर्चश्व हुने नै भयो । अब हुँदा हुँदा बिवाह नै नगरी आमा बन्न पाउनुपर्छ र सरकारले त्यस्ता आमालाई र सन्तानलाई मान्यता दिनुपर्छ पो भन्न थालेका छन् । ए बाबा ! यदि यसो हो भने लोग्ने मानिसको के आवश्यकता पऱ्यो ? छोराछारी पाउन खेताला लगायो वस् ! उसको काम सकियो ।

राजनीतिक पार्टीले समावेशी नियमको पालना गरेनन् भनेर ठाउँठाउँमा उजुरी दिंदै हिडेको, जथाभावी पित्रिसत्तात्मकताले महिलाको शोषण गऱ्यो भन्दै हिडेको पनि प्रसस्त पाइन्छ र सुनिन्छ । के यो आवाज आम नेपाली महिलाको चासोको विषय हो कि ? सीमित महिलाको स्वार्थसिद्धिका लागि हो ? सरकारले अलिक ध्यानदिनुपर्ने देखिन्छ । राजनीतिक पार्टीमा लामबद्ध भएर लागेका महिलाहरूको नाम सुनिनै राखिएको छ, तर के समावेसिलाई पूर्णतादिन जो पायो त्यसैलाई पार्टीमा भर्ना गर्ने ? नेताहरू किन जवाफ दिन सक्तैनन् ।

बाँकीरह्यो बलात्कारको कुरा । यो बलात्कारका समाचार हिजोआज निकै आइरहेका छन् । पत्रपत्रिकाले पनि पत्रिका बिकाउँन ठूलाठूला हेडलाईन वनाइरहेका छन् । के आम महिला र आम पुरुषले छातीमा हात राखेर भन्ने गर्नोस् त ! यो बलात्कार एकपक्षबाट मात्रै हुन सक्छ ? हो, यदाकदा केही बद्मासहरूले राती सुतेर निदाएकी महिला माथि बलात्कार गऱ्यो हाला, नावालिकालाई हप्काइदप्काई बलात्कार गऱ्यो होला तर बैशले मात्तिएकि महिला वा हात्तीका सुँड जस्ता हातखुट्टा भएकि महिलालाई पुरुष एक्लैले बलात्कार गर्न सक्छ ? के बलात्कारको परिभाषा काखमुनि औंला छिराए जस्तो होला ? यो एक्काइसौं शताव्दिमा यस्ता बकंफुसे खेती गर्नुहुँदैन, जो काहीले पनि गर्नु हुँदैन । सबैपक्ष जिम्मेदार बनौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, सिजाइ, रानपुर
फोन नं. : ०१-५१८०२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म




काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९१
- ९८१७७११६९७
ईन्द्र कट्टेल - ९८१८४१५२१०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२११८३
पुरुषोत्तम खनाल - ९८५२८५५६१०
- ९८१५७८६८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# भाग्यमानी ओली अभागी जनता



● गणेश कटुवाल

सायद राजा त्रिभुवनलाई पनि सत्ता र व्यवस्था परिवर्तन को आवश्यकता परेर होला देशमा विद्यमान एकतन्त्रीय राणा शासन विरूद्ध सुरू भएको जनताको क्रान्ति २००७ फागुन ७ गते नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना भयो । श्री ३ मा निहित भएका सबै अधिकार राजाले पाए र वैधानिक राजा बने तर डा. के.आई. सिंह उक्त सम्भौताप्रति असहमत भए । उनले राणा शासनको कुनै पनि अवशेष रहन दिनुहुँदैन भन्ने विचार व्यक्त गरे । तसर्थ तात्कालिक शासकले उनलाई देशद्रोहीको मुद्दा लगाइयो । २०६२/६३ मा १९ दिने ऐतिहासिक जनआन्दोलन सफल भएर राजाको प्रत्यक्ष शासन अन्त्य भई लोकतन्त्रको पुनर्स्र्थापना भयो । तर नागरिकका आवश्यकता भने पुरा भएनन् ।

लोकतन्त्र समस्याको सामाधान भनिए तापनि नागरिकहरूका दैनिक अभाव र समस्या हटाउने कडिका रूपमा कार्यन्वयन हुन सकेन । नागरिकले धेरै आशा गरे, पर्खिए पनि तर निराशा नै बढि पाए । सत्ता परिवर्तन भयो तर व्यवस्था भनेकै भोकतन्त्रमा परिणत भयो । जति ठुलो राजनीतिक संघर्ष गरे पनि आधारभूत तहका नागरिकहरूको अवस्था दिनप्रतिदिन दयनीय हुँदा नेतृत्वकर्ताका लागि भने लाजको विषय कहिले बन्नै सकेन । देशले नाकाबन्दी भोग्यो, जनताले नाकाबन्दीको बिरोध गरे जनस्तरमा राष्ट्रियता, जनतन्त्र र जनजीविका नारा लागे तात्कालिन एमाले अध्यक्षले राष्ट्रवादी नेताको छबी बनाएर हाल बहुमतको बाम सरकारको शक्तिशाली प्रधानमन्त्री हुँदा पनि सामन्तीका ढुकुटी फुट्नै सकेन । गरिब भन गरिबै नै रहे नाकाबन्दीको मुखियालाई दुई दुई ठाउँमा नागरिक अभिनन्दन गरी जी हजुर गरियो । उपहार स्वरूपमा नेपालकै सस्तो राम्रो सुनको अन्डा दिने अयोजना भारतको पोल्टामा जिम्मा लगाइयो । फलस्वरूप २००७ देखि क्रान्तिकारी आन्दोलन जनआन्दोलन पश्चात नागरिकहरूमा पलाएका आशाहरू निराशामा परिणत हुँदै गए ।

त्यो व्यवस्था, जसको संचालन जनता वा जनताद्वारा निर्वाचित प्रतिनिधिले गर्दछन् तर आज वाम सरकारका सांसद वा प्रतिपक्षका सांसद सत्ताको नसामा यसरी डुबेका छन् कि उनीहरूले लोकतन्त्रको एक आफ्नै परिभाषा बनाएका छन् । उनीहरूको परिभाषा अनुसार केवल सांसद नै लोकतन्त्रको एकमात्र विकल्प हो । सर्वसाधारण मानिसहरूको यसमा कुनै भूमिका हुँदैन, त्यसैले आम जनताले भ्रष्टाचारको विरुद्ध उठाएको हर एक पाइला उनीहरूलाई ग़लत लाग्छ र आफ्ना मन्त्रीहरूले उठाएका हर एक भ्रष्टाचार उनीहरूलाई सही लाग्छ । यसको लागि चाहे लोकतन्त्र होस् वा आफैले निर्माण गरेको संविधानकै परिभाषा बदल्न किन नपरोस् बदल्न तयार देखिन्छन् । स्वयं देशको प्रधानमन्त्री पनि उनीहरूकै भाषा बोलिरहेका छन् । जनतासँग भएको पैसा उठाउनका लागि यी सबै मन्त्री र सांसद यति तल झरिसके कि नैतिकताको कुरा समेत सुन्न तैयार छैनन् । लाग्छ यो देश नै होइन कुनै एउटा प्राइभेट कम्पनी हो र उनीहरू कम्पनीका मालिक या प्रबन्धक हुन्, पाँच वर्षसम्म आफ्नो मनमानी गर्ने । यदि कसैले बिरोध गरे बिरोध गर्नेहरू गैरलोकतान्त्रिक हुने । आज देशमा लोकतान्त्रिक गणत्रन्त्र, धर्मनिरपेक्ष, प्रशासनिक प्रदेस, प्राप्त भएका छन् तर के हामीले लोकतान्त्रिक मूल्य र आदर्शको निर्माण गरेका छौ ? केवल चुनावी औपचारिकता निभाएर मात्र लोकतन्त्र मजबूत हुन्छ ? के हाम्रा बहुमत राजनीतिक दल र नेता 'लोकतंत्र' को नाममा लोकतान्त्रिक मूल्यको धज्जी उड़ाईरहेका छैनन् ? के हर क्षेत्रका असफल र अयोग्य मानिस हाम्रो शासक बनिरहेका छैनन् ? के हामी जनता यति लाचार छौ कि हामी चाहेर पनि केहि गर्न सक्दैनौ ? बिना हीनताबोध जनताको धन निजी हितमा प्रयोग भैरहेको छ । मुट्ठीभर पुँजीपति वर्ग जनताको धनशक्तिको बलमा राजनीतिक व्यवस्था सरकार र राज्यसंयन्त्र आपनो नियन्त्रणमा राखेर । राज्यसत्ता, अधिकार, विशेषाधिकार पूर्णतः त्यहि वर्गसंग छ, श्रमिकवर्ग, किसान, युवा र विद्यार्थीसंग केवल नाम मात्राको स्वतन्त्रता र अधिकार दिएको छ। राज्यका अधिकारी वर्ग, न्यायालय र पुलिस फोर्स तटस्थ नभएर सम्प्रभूता सम्पन्न वर्गकै गुलामी गर्न पाउँदा गर्ब गर्छन् । यसकारण लोकतन्त्र एक यस्तो शासन प्रणालीको रूप अख्तियार गरेको छ, जसले शासक वर्गको सत्ता र विशेषाधिकारको रक्षा गर्न र उच्च वर्ग दलालको मात्र हितमा प्रयोग भएको छ। सम्पन्न पुँजीपति दलालवर्गद्वारा नियन्त्रित नवउदारवादी बुर्जुआ लोकतन्त्रले जनताको हकअधिकार स्वतन्त्रता खोसेको छ ।

आज चीनले प्रारम्भमै आफूसंग उपलब्ध मानव शक्तिको उपयोग गरेर आश्चर्यजनक प्रगति गरेको छ । अतः देशमा उपलब्ध धन, मानव श्रोत साधन र शक्ति एवम् शिप कौसल बुद्धिको समुचित प्रयोग गरेर मात्रै देशलाई अगाडि बढाउन सकिन्छ ।

नाकाबन्दी ताका नेपालीले महसुस गरेको एक मुख्य एजेन्डा राष्ट्रियता र समृद्धि हो । समय परिस्थितिले त्यसको मुखिया के पी ओलीलाई बनायो र बन्ने हिम्मत पनि गरे उनले, चुनावमा तालमेल गरे ठुलो पार्टी बनाए, सरकारमा पुगे, पार्टी एकता गरे इतिहासमै ठुलो र बहुमत पाएर कम्युनिष्ट सरकार बन्यो । के यो सरकारले अब बिकास र समृद्धि दिन्छ त नेपालीलाई ? समाजवाद उन्मुख देश बन्छ त नेपाल ? नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्न सक्छ ? सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्यको लागि उत्कृष्ट योजना निर्माण सम्भब छ ? बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्छ यो वाम सरकारले ? वर्गीय, जातीय, क्षेत्रीय, धार्मिक, भाषिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने आफ्नो चुनावी अठोट पुरा गर्छ त यो सरकारले ? नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने अठोट पुरा गर्छ ओली नेतृत्तवको वाम सरकारले ?

हाम्रो अर्थतन्त्र निरपेक्ष गरिबीको रेखामुनी रहेका नागरिकहरूको पहुँचभन्दा बाहिर छ । कर बढेको छ । त्यसको सिधा मार गरिब जनतालाई नै थोपरेको छ । करको दायरामा सरकारले ध्यान दिएको छैन । यो नै सबैभन्दा ठूलो बिसंगति हो । गरिबलाई छाक टार्न मुस्किल छ । मध्यम वर्गलाई ऋण तिर्न मुस्किल छ । अनि धनीहरूलाई पैसाको व्यवस्था कहाँ गर्ने भन्ने चिन्ताले सताईरहेको देखिन्छ । तर सरकारले पैसालाई पैसाले तान्ने नीति आगाडी सारेको छ । यस प्रकारको नीतिले शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सक्दैन । आर्थिक वृद्धिदरको अवस्था पनि नाजुक नै छ, गत बर्ष ६.९ प्रतिशत भयो, यसपालि ५.८९ प्रतिशत प्रक्षेपण गरेको छ । यो आर्थिक वृद्धिदर भन्ने कुरा विकासको परिसूचक हो कि होइन र अहिले विकासको नयाँ मापदण्ड आईरहेको छ । विकासको सहि सूचक भनेको पुर्वाधारको विकास हो । त्यसको अवस्था पनि देशलाई समृद्धितिर लाने देखिदैन । स्थानीय सरकार, प्रदेस सरकार र केन्द्रीय सरकारले श्रोत बाँडफाँडको लागि वित्तीय आयोग निर्माण गरेको छैन । एनजीओ, आइएनजीओ बजेट मनमौजी चलेको छ । जुन व्यवस्था आएपनि केन्द्रकै मुख ताक्नुपर्ने बाध्यताबाट कहिले मुक्त हुन्छन् नेपाली जनता, पेटभरि खान, आङभरि लाउन, प्रत्येक वर्षको वर्षा र जाडोमा प्राकृतिक प्रकोपबाट बच्न सक्ने हुन्छन् । जेहोस् वर्ग उत्थान सँगै इतिहास थोत्रो भएको छ त्यो काम नलाग्ने दर्शन र नाम आजपनि बेचेर झन् धनी र भाग्यमानी बन्न सफल प्रधानमन्त्री ज्यु आपनो बर्गको रक्षाका लागि डल्लो फाले जसरी जनतालाई फालिरहनु भएको छ, उहाँको जय होस् ।

# क्रान्तिकारी माओवादी सुर्खेतको गुर्भाकोट नगर अधिवेशन सम्पन्न

सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी) सर्खेतको गुर्भाकोट नगरपालिकाको प्रथम अधिवेशन सम्पन्न भएको छ । सम्पन्न अधिवेशनले प्रेम थापाको नेतृत्वमा ११ सदस्यीय नगर समिती निर्वाचित गरेको छ । उक्त समितिको सदस्यहरूमा टेक बहादुर थापा, शान्ती थापा, शर्मिला गौतम, ज्योती एल जि, हेम कुमारी बिक, प्रदिप सहकारी, भिम सोनी र दिपक बिक रहेका छन् । अधिवेशनमा पार्टी केस चक्रमाणि शर्मा, जिल्ला सेक्रेटरी खडानन्द लामिछाने लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## सीमा...

परवर्तन गरेर नेपालतिर वग्न थालेपछि नेपालपट्टी बनेको पुललाई नै भारतीयहरूले सीमा मानेर नेपालीहरू बस्दै आएका घर टहरा भत्काई दिएर पुल वारी पट्टी धपाई दिएका छन् । २०७३ फागुन २३ गते सीमा विवादमा भारतीयहरूले गोली हानेर गोविन्द गौतमको हत्यापछि हामीलाई पनि मार्छ भनेर सीमा क्षेत्रमा ठूलो त्रास छ र कोही पनि खुलेर बोल्न सकिरहेका छैनन । भनिन्छ, नेपालको क्याबिनेटमा २०११ सालसम्म त भारतीय राजदुत नै बस्थ्यो र मन्त्रीपरिषदका निर्णय भारतलाई बुझाउँथ्यो । नोकरशाही कर्मचारीतन्त्रमा उप-सचिवदेखि माथिका देशभक्त, इमान्दार कर्मचारीबाहेक नेपाल सरकारको भन्दा डबल तलब दिएर भारतले सूचना र सञ्चार चोरी गर्छ भन्ने भित्र-भित्र व्यापक कानेखुशी चल्छ । सीमा व्यवस्थापन गर्ने नापीका कर्मचारी नै भारतीय भन्दा बढ्ता नेपालतिर सीमा सार्न वकालत गर्छन् । नारायणी नदीले धार परिवर्तन गरेर सुस्ता र महेशपुर दुई गा.वि.स. भारतले हडप्दा चुँ नबोल्ने नोकरशाह कर्मचारीहरू विरगंजको छपकैयामा नदीले धार परिवर्तन गरेर भारत तिर गयो भनेर नेपाली कर्मचारीहरूसंग मिलेर नेपालीको जग्गामा रातारात पिल्लर गाड्ने कुराले पनि प्रमाणित गर्दछ । खक्रौलाको पुलपारी रहेको २५० विघा जग्गामा पहिला नेपालीहरूले खेतीपाती गर्थे । भारतीयहरूले गाईवस्तु चराईदिन थालेपछि अँधिया बटैयाको रूपमा सरदारहरूलाई कमाउन दिए । पछि उनीहरूले यो जग्गा हाम्रै हो भनेर कुनै कुत तिर्न छाडे अहिले हसियाँ आकारमा पुलसम्मको कोप्रो बनाएर सीमा अतिक्रमण गरिएको छ । त्यस ठाउँमा भारतीय अतिक्रमणको इतिहास सहित २१ गते सभा गरियो र विस्तारवादको भण्डारफोर गरियो । चैत्र २१ गते नै खोलाको धारसंगै भजनी गाउँपालिकाको लालबोझीमा मिचिएको सीमा निरीक्षण गरी कोणसभा गरेर विस्तारवादको भण्डाफोर र जनतालाई जागरुक बनाउने काम गरियो । चैत्र २२ गते कैलालीको फूलबारीमा गोदावरी सामुदायिक वनको पिल्लर नेपाल पट्टी सारिएको छ । त्यसको अवलोकन र निरीक्षण गरी एउटा कोण सभाका साथ विरोध प्रकट गरियो । जनतालाई जागरुक र भारतीयलाई खवरदारी गर्ने काम भयो । सीमा अद्यावधिक र व्यवस्थित गर्ने नाममा कतिसम्म बदमासी गरेको पाइयो भने जोर नं. को पिल्लर नेपालले बनाउने र विजोर नं. को पिल्लर भारतले बनाउने सहमती गरिएकोमा नेपालको सीमा सुरक्षा गर्ने शसस्त्र प्रहरी ७ नं. प्रदेशको अस्थायी राजधानी धनगढी भन्दा उत्तर अत्तरीयामा बस्ने सीमामा कतै उपस्थिति छैन । भरतीय सीमा रक्षकबाट कुटाई खाएर पिल्लर सार्न नदिने विना तलवका सीमा रक्षक नेपाली जनताले जानकारी दिएपछि मात्र सशस्त्रले थाह पाउँछ । सीमालाई स्थायी रूपमा राख्न नेपाले आफ्नो भागमा परेको जोर नं. को पिल्लर छिटै बनाउँछ किनकि सीमामा आफ्नो उपस्थिति छैन । भारतले संयुक्त सीमा सर्वेक्षण टोलीले नापेको विन्डमा बाँसको सानो तिस्कुलो गाड्छ र त्यो राता रात नेपालपट्टी सार्छ । उस्को उपस्थिति सीमामै छ र सीमाना दशगजा सोझो नभएर नागवेली परेको देखिन्छ र नेपालले बनाएको पिल्लर भारतपट्टी घुसेको भनेर केही वर्ष पछि फेरि निहुँ खोज्छ । यसरी सीमा अतिक्रमण भइरहेको छ । चैत्र २३ गते पोलट ब्युरोको बैठक सकेर ने.क.पा. (क्रान्तिकारी माआवादी) का प्रदेश सचिव क. अटल टोलीसँग जोडिन आइपुग्नुभयो । संयुक्त मोर्चाका प्रदेश संयोजक रामबहादुर. के.सी. बिरामी पर्नु भएकोले बाँकी अभियानमा राजनीतिक नेतृत्व क. अटल र अन्य नेतृत्व व्यवस्थापन अनुशासन टोलीका सदस्यको छनौटको नेतृत्व युवा विद्यार्थीका वरिष्ठ सदस्य प्रदेश संयोजक रामबहादुर महराले लिनु भयो र २३ गते नै पहिला आनन्द बजार र हाल सहिद गोविन्द गौतमको नाममा रहेको गोविन्द बजारमा सहिद गोविन्द गौतमको घरमा गएर उहाँको बुवा खेमलाल गौतमलाई भेटघाट गरियो । गोविन्द गौतमकी जीवन संगिनी राहत रकमबाट पुनर्वास न.पा. नजिकै ३ छोरीको पढाइलाई ध्यानमा राखेर १० धुर जमीनमा बनेको एउटा सानो घर किनेर सर्नु भएको रहेछ । खेमलाल गौतमलाई लिएर हामी करीब २ कि.मी. टाढा गोविन्द बजार चोकमा गयौ र एउटा कोण सभा गऱ्यौ । खेमलाल गौतमलाई दोसल्ला ओढाएर अभिनन्दन गऱ्यौ । सुख्खा जमीन भएको गोविन्द बजार अहिले उदास र फुङ्ग उडेको छ । सीमामा ग्रामीण आवास कम्पनीले बनाएका २३ वटा घरमा बसेका नेपालीहरू सीमा पहरेदारका रूपमा रहेका छन् । २०७३ फागुन २३ गते भारतले गोविन्द गौतमको हत्या गरेपछि कलभर्ट पारी भारतीय एस.एस.बी. आएर बसेको छ । दुबै देशको व्यापारको भरमा टिकेको उक्त वस्ती छिटै नाका व्यवस्थित गरेर आवत-जावतलाई नियमित नगर्ने हो भने वस्ती नै विस्थापित हुने र ९ नं. वार्ड नै नेपालको नक्साबाट गायब पार्ने भारतीय षड्यन्त्र सफल हुने देखिन्छ । त्यसको ज्वलन्त उदाहरण २०७५ बैशाख १४ मा त्यही वार्डमा नेपालले गाडेको काँडेतारको पिल्लर भारतीयहरूले उखेल्नुले प्रष्ट पार्छ । हाल एस.एस.बी. ले जनताका दैनिक आवश्यकताका वस्तुहरू नुन, तेल, चामल ल्याउन बन्देज गरेको छ । बाटो यातायातका साधन सिमित चल्छन । यी सबै कुरा गोविन्द बजारका जनताले कोणसभामा हामीलाई बताएका हुन् कि हामीलाई वैकल्पिक व्यवस्था गर्नु पऱ्यो, होइन भने भारतसंग कुरा गरेर सीमालाई व्यवस्थित र नियमित गर्नुपऱ्यो । यो कुरा नेपाल सरकारको कानमा वतास लागोस् भन्ने कुरा राख्नुभयो । २३ गते नै हामीले बेलौरी बजारमा साँझ ५ बजे कोणसभा गऱ्यौं । खक्रौलादेखि गोविन्द बजारवासीले आफ्नो काम रोकेर ध्यानपूर्वक सुनेर ऐक्यबद्धता जनाए । नेपाल सरकारले कुनै ध्यान दिएन । त्यसैको परिणाम हाम्रो अभियान नसकिदै चैत्र २८ गते नै बेलौरी भुडामा नेपाली जनताको १५ विघा जमीन पुनः भारतीयले मिचेर घर भत्काई दिए । राष्ट्रियताको नाममा सरकारमा जाने र भारतीय दलाली गर्ने ओली कतै नियोजित र प्रायोजित त होइनन् ? भन्ने कुरा घटनाक्रमको सुईले देखाइरहेको छ । हुन त ओली १ नं. का भारतीय छाप लागेका दलाल हुन् भन्ने कुरा महाकाली सन्धिले प्रष्ट गरिसकेको छ ।

चैत्र २४ गते ऐतिहासिक जनआन्दोलन दिवस भीमदत्त नगरपालिकाको हलमा मनायौं । ने.क.पा. मातृकाले क्रान्ति गर्छु भनेर क्रान्तिकारी युवाहरूलाई भ्रम पार्दै आफैले गद्दार भनेको प्रचण्डको टाङमुनि छिरेर मन्त्री पड्काएपछि २०७३ असार १० को धनगढी प्रशिक्षणबाट विद्रोह गरेर हिँडेका स्वतन्त्र रहेका शिद्धराज भट्ट लगायत ६ जना सोही समारोहमा पार्टी प्रवेश गर्नु भयो । पार्टी प्रवक्ता एवम् ७ नं. प्रदेश इन्चार्ज क. प्रकृति र सचिव अटलले टीका लगाएर र खादा ओढाएर पार्टी प्रवेश गराउनु भयो । स्मरण रहोस् सेती महाकाली र भेरी कर्णालीमा मातृका समुहको राम्रो प्रभाव रहेको थियो । मातृकाले आत्मसमर्पण गरेपछि सम्पूर्ण शक्ति (क्रान्तिकारी माओवादी) मा प्रवेश गर्ने सैद्धान्तिक सहमति भइसकेको छ । त्यसपछि बाँकी अभियानको अवधिका लागि टोलिका सदस्यलाई स्थायी समितिका क. प्रकृतिले टीका लगाइदिएर अभिनन्दन गर्दै राष्ट्रिय झण्डा र युवा विद्यार्थीको झण्डा हस्तान्तरण गर्नुभयो र राष्ट्रियताको पक्षमा आवाज बुलन्द गर्न उत्प्रेरणा गर्नुभयो । सोही साँझ कञ्चनपुरको सदरमुकाम महेन्द्रनगरको मदन चोकमा युवा विद्यार्थीको तर्फबाट एउटा कोणसभा गरेर चैत्र २१ गते देखिको अभियानको जानकारी सदरमुकामवासीलाई गराउदै बाँकी यात्रा दार्चुलाको दुम्लिङ, तम्बकुकोट र दोपखेमा नेपालीहरूले नेपाल सरकारको अनुमति नलिई बनाएका ५ वटा काठे पुल बगाई दिएको स्थानसम्म गएर कञ्चनपुर बासीको मायाममता ऐक्यबद्धता आदानप्रदान गर्ने जानकारी गराउनु भयो । जनताको न्यानो माया ममता ऐक्यबद्धताको पोको लिएर २५ गते दार्चुला जाने तयारीमा लागियो । चैत्र २५ गतेको पञ्चायतविरोधी 'नेपाल बन्द' को पहिलो कार्यक्रमको अवसर पारेर साँझ ५ बजे ब्रम्हदेवमा भीमदत्तको सालिकलाई साक्षी राखेर कोणसभा गरियो । जुन ठाउँ इतिहासमा महाकाली सन्धिको असमान सम्झौताको स्थानको रूपमा चिनिन्छ । जसको नाममा नवलपरासीमा महाकाली अभियानमा जादा २ जना देशभक्तले गिरिजाको गोली खाएर सहादत प्राप्त गरेका थिए । अहिलेसम्म पश्चिमबाट घाम पनि नझुल्केको र के.पी. ओलीको वार्षिक १ खरब २० अरब आउने बकवासमा १ पैसा पनि नआएको र काली (महाकाली) पारी नेपाली शासकहरूले दाबी गर्ने छैनन् भनेर पश्चिम किल्ला कागडा गुमाएर ब्रिटिश भारतसंग गरिएको असमान सन्धिअनुसार पनि नेपाली शासकहरूले आफ्नो शरहद भित्रको जमीन (सार्वभौमसत्ता) को संरक्षण गर्न सकेका छैनन् । तल वनवासाको भुजेलाघाटदेखि ब्रम्हदेवसम्म धेरै ठाउँमा भारतीयहरूको सुरक्षा क्याम्प तैनाथ गरेर राखेका छन् । पहिला शारदा ब्यारेजको नामले चिनिने महाकाली नदीको बाँधको ३४ वटा ढोका मध्ये १७ नं. ढोका (पिल्लर) मा रहेको नेपाल भारतको झण्डा हटाएर गिरिजाको सहमतिमा अहिले २ कि.मी. वरै गड्डा चौकीको नामले नेपाल भारत स्वागतद्वार खडा गरिएको छ । भत्किन लागेको शारदा ब्यारेजको सट्टामा जुग-जुगसम्म महाकालीको पानी एकलौटी प्रयोग गर्ने गरी अत्याधुनिक पुलसहित ब्रम्हदेवमा महाकाली नदीमा बाँध बाँधिएको छ र नेपालतिर निकै उचाइमा सानो कुलो जस्तो जस्तो नहर दिएर सम्पूर्ण पानी भारततिर लगिएको छ । महाकाली निकै वरसम्म भारतीयहरूले आफ्नो भनेर दाबी गरिरहेका छन् । ब्रम्हदेवमा पनि सीमा विवाद छ । पूर्णागिरी मेलाको तयारी रहेकोले ब्रम्हदेवमा निकै चहल पहल थियो । एक प्रकारले बिसिसकेको सीमा विवादलाई पुनः ताजा बनाएर सीमावासीमा रक्त सञ्चार गराउँदा सुरक्षा निकायका पुलिस प्रशासनदेखि जनताले ध्यानपूर्वक सुनेका र ऐक्यबद्धता जनाएको अनुभूति भयो हामीलाई ।

चैत्र २६ गते अभियानको छैठौं दिन हाम्रो टोली विवादको केन्द्र दार्चुला जिल्लाको लागि प्रस्थानको तयारीमा लाग्यो । राष्ट्रियताको पर्याय बनेको माओवादी आन्दोलन यसका मुख्य नेतृत्व र बाबुराम भारतका मतियार बनेका कुरा एस.डी. मुनी सुधीर शर्माको प्रयोगशाला र अशोक मेहता मार्फत् सार्वजनिक भइसकेपछि आन्दोलन कमजोर भएको, फुटेर ६ टुक्रा भएको शङ्का, अविश्वास, कुण्ठा, अश्लिलताले भरिएको बेला ठूलो खर्च गरेर पूरै प्रदेश थर्काउने गरी सहभागिता गराउने परिस्थिति रहेन । सीमा विवाद पक्ष/प्रतिपक्ष जस्तो नभएर प्रतिनिधिमूलक सहभागिता जनाउने पौने ३ करोड जनता सबै (केही घुसपैठिया र दलाललाई छाडेर) नेपालीको साझा विषय वस्तु रहेकोले एउटा बलेरो जिप रिजर्भमा लिने र सम्बन्धित जिल्ला पार्टी र जनतालाई साथमा लिएर अभियान चलाउने निर्णय गरियो । २६ गते बिहान १० बजे हिड्ने तयारी गर्दा गर्दै १२ बजे हामी कैलालीको अत्तरियाबाट डडेल्धुराको लागि प्रस्थान गऱ्यौं । त्यसभन्दा अगाडि अत्तरियामा मातृका हुँदै माकेमा गएका केन्दीय सदस्य सीपी जोशी र प्रदेश सदस्य आरवी पाण्डे एक समारोहका बीच नेकपा (क्रन्तिकारी माओवादी) मा प्रवेश गर्नुभयो उहाँहरूलाई स्थायी समिति सदस्य क. प्रतिक, पी.वी.एम. क. अटल र के. सदस्य क. डायमण्डले टीका तथा पुष्प गुच्छाका साथ पार्टीमा प्रवेश गराउनु भयो । साँझ ५:३० बजे सुदुर पश्चिमाञ्चलमा सङ्घर्षका पर्याय बनेका भिमदत्त पन्तको सालिकलाई मञ्च बनाएर एउटा कोणसभा गरेर २१ गते देखिको हाम्रो अभियानको उद्देश्य र भएका काम कार्यवाहीबारे जानकारी गराइयो । विना जानकारी गरिएको कोणसभामा डडेल्धुरावासीको सहभागिता देखेर हामी निकै उत्साहित भयौं । डडेल्धुरावासीको राष्ट्रियताप्रतिको चासो र ऐक्यबद्धताले हामीलाई थप हौसला प्रदान गऱ्यो । कोणसभालाई विद्यार्थी प्रदेश संयोजक क. आर.वी. महरा र (क्रान्तिकारी माओवादी) का पी.वी.एम् क. अटलले सम्बोधन गर्नुभयो । डडेल्धुराका देशभक्त व्यक्तित्व, नागरिक, कर्मचारीहरूबाट आफूसक्दो विभिन्न सहयोग प्राप्त भयो । बेलुका डडेल्धुरा पार्टीबाट खानेबस्ने व्यवस्था मिलाइयो । डडेल्धुराका पार्टी सेक्रेटरी क. लालकिरण हामीसंगै हुनुहुन्थ्यो र भोलिपल्ट २७ गते बिहान बिदा गरेर पार्टी काममा डडेल्धुरा बस्ने सल्लाह भयो ।

## मूल्यवृद्धि...

विरूद्ध विरोध प्रदर्शन गर्ने भएका छन् ।

ओली सरकारले चरम राष्ट्रघात गरेको, पेट्रोलय पदार्थमा मुल्यबृद्धि गरेको र जनताको ढाड सेक्ने गरी मंहगी बढाएको भन्दै तीन कम्युनिस्ट पार्टीले जेठ ३१ गते सडकमा उत्रिएर विरोध प्रदर्शन गर्ने कार्यक्रम सार्वजनिक गरेका छन् ।

तीन पार्टीका तर्फबाट २५ जेठमा नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषिराम कट्टेलद्वारा जारी गरिएको विज्ञप्तिमा सरकार गठन भएको तीन महिना नवित्दै जनता महंगी र मूल्य बृद्धिको मारमा परेको भन्दै संयुक्त रूपमा बिरोध कार्यक्रमको घोषणा गरिएको जनाइएको छ ।

विज्ञप्तिमा सरकारले बिनापुर्जी विप्लव नेतृत्वको नेकपाका नेता कार्यकर्ता गिरफ्तार गरेर राज्यआतंक सिर्जना गरेको समेत उल्लेख गर्दै त्यसको विरोधमा पनि आफुहरूले विरोध प्रदर्शन गर्न लागिएको जनाइएको छ ।

विज्ञप्तिमा तीन पार्टीले जेठ ३१ गते दिउँसो १ बजे शान्तिवाटिकामा गर्ने विरोध प्रदर्शनमा सहभागिताका लागि सबैमा सार्वजनिक अपिल समेत गरिएको छ ।

## क्रान्तिकारी आन्दोलन...

भट्टराईले क्रान्ति र परिवर्तन निरन्तर चल्ने प्रक्रिया रहेको भन्दै मुलुकमा फेरि पनि क्रान्तिको खाँचो रहेको विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "क्रान्ति सकियो, युवा विद्यार्थीले राजनीतिमा चासो राख्नु हुँदैन, आन्दोलन गर्नु हुँदैन चुपचापसँग किताब पढेर बस्नुपर्छ भन्ने डरलाग्दो भाष्यको आविस्कार गरिदैछ । आन्दोलन, क्रान्ति, संघर्ष कहिल्यै पनि सिद्धिदैन । यसमा विद्यार्थीहरूले गर्व गर्नुपर्छ ।" उहाँले अगाडि भन्नुभयो, "शिक्षा र स्वास्थ्यलाई संविधानमा मौलिक हकको रूपमा व्याख्या गर्दै यसमा राज्यले दायित्व लिनुपर्छ भनिए पनि अहिलेसम्म यसको कार्यान्वयन भएको छैन । यसका लागि पनि सडक संघर्ष गर्नुपर्ने भएको छ । नेपालमा अब छिट्टै नयाँ आन्दोलन र क्रान्तिको चक्र आउँछ । त्यसबेला विद्यार्थीहरूले अग्रगामी भूमिका निर्वाह गर्नु पर्छ ।"

नेकपा (विप्लव)का स्थायी समिति सदस्य सन्तोष बुढाले वर्तमान शिक्षा नीति जनविरोधी भएको भन्दै ध्वस्त बनाउनुपर्ने धारणा राख्नुभयो । दलाल संसदीय व्यवस्थाले बनाएको शैक्षिक नियम, कानून दलाल र माफियालाई मात्र फाइदा हुने किसिमको भएको भन्दै आन्दोलनबाट आगो लगाएर नष्ट गराउन विद्यार्थी आन्दोलन अगाडि बढाउनु पर्ने विचार राख्नुभयो ।

अहिलेको शिक्षा नीति नेपाली समाजलाई दलालीकरण र माफियाकरणतर्फ लैजाने भएकै कारण यसलाई खारेज गरेर नयाँ वैज्ञानिक शैक्षिक नीति निर्माण गर्न आन्दोलन केन्द्रित गर्न अपिल गर्नुभयो ।

त्यस्तै नेकपा (माओवादी केन्द्र)का संयोजक गोपाल किराँती राईले प्रधानमन्त्री ओली र नेता प्रचण्ड देशका ठूला महंगी र भ्रष्टचारी भएको चर्चा गर्दै उनीहरूले भनेको समाजवाद नक्कली भएको बताउनु भयो । र, विद्यार्थी आन्दोलन आमूल परिवर्तनको आन्दोलनसँग जोडिनुपर्ने धारणा राख्नुभयो ।

राष्ट्रिय जनता पार्टीका अद्यक्ष मण्डलका सदस्य राजकिशोर यादवले नेपालको शिक्षा नीति नेपालको माटो सुहाउँदो नभएको चर्चा गर्दै नेपाल र नेपाली जनताको हितनुकूलको शिक्षा नीति ल्याउन विद्यार्थी आन्दोलनलाई अगाडि बढाउनु पर्ने विचार राख्नुभयो ।

नेकपा (माले)का कुमार वेलवासेले सरकारले शिक्षालाई व्यापारीकरण गरेर सामान्य नागरिकलाई महंगी शिक्षाको मारमा पारेको बताउनु भयो । राष्ट्रवादी केन्द्र नेपालका संयोजक चन्द्रबहादुर थापा 'सागर'ले दलाल सरकारले शिक्षा र स्वास्थ्यलाई व्यापारीको पोल्टा पुऱ्याएको भन्दै गलत शिक्षा नीति भत्काउन नौजवान युवा विद्यार्थी संघर्षमा हाम फाल्नुको विकल्प नरहेको विचार राख्नुभयो । संघीय समाजवादी फोरमका युवा नेता भीम राईले विद्यार्थी आन्दोलन अहिले शिथिल अवस्थामा रहेको चर्चा गर्दै विद्यार्थी आन्दोलनलाई जुझारु रूपमा अगाडि बढाउनु पर्ने विचार राख्नुभयो ।

कार्यक्रममा विद्यार्थी संगठनका नेताहरूले शिक्षा क्षेत्रमा बढ्दो निजीकरण, व्यापारीकरण र माफियाकरणको विरोध गर्दै विद्यार्थी आन्दोलनलाई नयाँ ढंगले पुनर्गठन गर्दै क्रान्तिकारी विद्यार्थी आन्दोलनको उठान गर्ने दिशामा लैजानुपर्ने आवश्यकतामाथि जोड दिएका थिए ।

विद्यार्थी नेताहरूले शिक्षा क्षेत्रमा निजीकरणको अन्त्य राजनीतिक परिवर्तनको आन्दोलनसँग सम्बन्धित रहेकोले विद्यार्थी आन्दोलनलाई आमूल परिवर्तनको आन्दोलनसँग जोडेर लैजाने उद्घोष गरेका थिए ।

## प्रचण्डले...

सरकारले गर्न नसक्ने ठोकुवा गर्दै अध्यक्ष गजुरेलले बादलले अटेर गरेर ठूला माछा समात्न खोजेभने उनी गृहमन्त्रीबाट च्यूत गरिने पनि दावी गर्नुभयो ।

क्रान्तिकारी माओवादी ललितपुरको शनिबार कुपण्डोल पार्टी कार्यालयमा आठौं जिल्ला अधिवेशनको उद्घाटन गर्दै अध्यक्ष गजुरेलले कार्यक्रमको प्रमुख अतिथिको आसनबाट भन्नुभयो, 'लामो समय अघिदेखि हामीले भन्दै आएको र गर्दै आएको विश्लेषण सही सावित हुँदै आएको छ । वर्तमान सरकार प्रतिक्रियावादी सरकार हो । यसले जनताका राष्ट्रियता, जनतन्त्र र जनजीविका लगायतका कुनै पनि समस्याको समाधान गर्न सक्दैन । सरकारको सयदिन, नीति कार्यक्रम तथा बजेटले यो यसलाई पुष्टि नै गरिसक्यो कि शान्ति, समृद्धि, विकास सबै हावादारी कुरा हुन् । त्यसका लागि यो व्यवस्था परिवर्तन हुनु पर्दछ । नयाँ जनवादी क्रान्तिमार्फत् स्थापित हुने जनगणतान्त्रिक व्यवस्थामा मात्र वास्तविक शान्ति, स्थायित्व र समृद्धि सम्भव छ ।'

ओली सरकारले बजेट लगत्तै १० प्रतिशतसम्म दैनिक उपभोग्य वस्तुमा समेत मूल्यवृद्धि गरेको चर्चा गर्दै त्यसमाथि सरकार बनेयता आधा दर्जनपटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेर महंगीमा आगोमाथि घ्यू थप्ने काम गरेको उहाँले बताउनु भयो, 'मूल्यवृद्धि फिर्ता गरेर महंगी नियन्त्रण नगरे ओली सरकारका विरुद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, पार्टी सम्बद्ध जवस/मोर्चा सडकमा उत्रन बाध्य हुनेछन् ।'

अध्यक्ष गजुरेलले भन्नुभयो, 'माओवादी केन्द्र एमालेमा विलय भएसँगै अब माओवादी हामी मात्रै बाँकी रहेका छौं । र, नयाँ जनवादी क्रान्तिको अभिभारा पूरा गर्ने दायित्व पनि हाम्रै काँधमा आएको छ । जनयुद्धमाथि भएको धोका र गद्दारीबाट निर्मम शिक्षा लिदै जनयुद्धको स्प्रिटमा अब अगाडि बढ्नु पर्दछ । हामीबाहेक अरु कसैले पनि नेपाली क्रान्तिको नेतृत्व गर्न सक्दैनन् ।'

अधिवेशनलाई विशेष अतिथिको आसनबाट सम्बोधन गर्दै क्रान्तिकारी माओवादीका पिविएम तथा ३ नं. प्रदेश सचिव सागरले कम्युनिष्ट क्रान्तिकारीहरूलाई सिध्याउन र जनतामा अनेकन भ्रम सिर्जना गरेर जनतालाई दिग्भ्रमित पार्न प्रचण्डहरूले क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'सँग समेत वार्ता भएको भनेर हल्ला चलाइएको बताउनु भयो । एमालेमा माओवादी केन्द्रलाई विलय गराएपछि त्यहाँ रहेका इमान्दार नेता कार्यकर्ताहरू क्रान्तिकारी माओवादीमा ध्रुवीकृत हुने लहर बढ्न थालेपछि त्यसलाई रोक्न उनले यस्तो षड्यन्त्र गरिरहेको चर्चा गर्दै यस्ता अनर्गल प्रचारबाजीबाट क्रान्तिकारी नेता कार्यकर्ताहरू सचेत र सतर्क रहनुपर्ने विचार व्यक्त गर्नुभयो ।

अधिवेशनलाई पार्टी केस तथा काठमाडौं जिल्ला सचिव सरु, भक्तपुर इन्चार्ज प्रवीण, जबस/मोर्चा डिओसी इन्चार्ज गुराँसलगायतका नेताहरूले शुभकामना मन्तव्य दिनुभएको थियो । ललितपुर इन्चार्ज जीवनको अध्यक्षतामा सम्पन्न अधिवेशनको उद्घाटन सत्रको सञ्चालन दीपक र स्वागत केशवले गर्नुभएको थियो ।

अधिवेशनको उद्घाटन सत्रमा पार्टी केसहरू रणजीत, कगेन्द्र, उदय, उज्वल र जिल्लाका पुराना कम्युनिष्ट नेता रत्न बहादुर गुरुङ लगायतको उपस्थिति रहेको थियो । अधिवेशनको उट्घाटन सत्र समापन भएलगत्तै बन्द सत्र सुरु भएको छ ।

# 'प्रतिरोध' कविता अभियान ३

कम्युनिस्ट हौं भन्ने केही झुण्डहरूको समूह सरकारमा रहेका वेला कविताको माध्यमबाट प्रतिरोधअभियान चलाउँन थालिएको छ । सँस्कृतिक सहीद कृष्ण सेन इच्छुक प्रतिष्ठानले शूरु गरेको यो अभियान चितवन र पोखरापछि गोदावरी नगरपालिका, लेलेमा अस्ति शनिवार आयोजना गरियो । स्थानीय अमर कान्ति सेकण्डरी इङलिस स्कूलको प्राँगणमा भएको उक्त कविता कार्यक्रम लेलेकै कवि तथा सोही स्कूलका शिक्षक केसव सिलवालको आयोजनामा भएको र त्यसको व्यवस्थापन इच्छुक साँस्कृतिक प्रतिष्ठानले गरेको थियो । सो कार्यक्रममा कविता वाचन गर्ने कविहरूमा विमला चन्द, बिष्णु न्यौपाने, केशव सिलवाल, अभिजित महत, सोभा दुलाल, राजु नगरकोटी, सुमि ढँगोल, सुदिक्षा, मनोहर लामिछाने, रूपेश सिलवाल, कुमार दिगाली, समिरा तामाङ्ग, आकृति खुलाल, रिजन खुलाल, सन्या महत, प्रशिद्ध महत, गौरी दाहाल, वलराम तिम्लसिना, जगदिश भण्डारी, रामचन्द्र हुमागाई थिए ।

यी कविहरूमध्ये सोही स्कूलका विद्यार्थी पनि समावेश थिए । अधिकाँश कविहरूले यो अहिलेको सरकार मात्रै होइन व्यास्थालाई नै आक्रमक रूपमा कवित्वाक्रम गरेका थिए ।

स्वागत मन्तव्य केशव सिलवालको थियो भने कविता पनि एक किसिमको हतियार नै हो भन्दै डा.ताराकान्त पान्डेले विचर विमर्श गरेकाथिए । कविताको समीक्षा डां जगदिश चन्द्र भण्डारीले गरेका थिए भने कार्यक्रमको सभापतित्व प्रतिष्ठानका अध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले गरेका थिए ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।